# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक १९४ | काठमाडौं | शुक्रबार, २८ कात्तिक २०८२ | Prabhab National Daily | Friday, 14 November 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


## महाधिवेशनबारे कांग्रेस अझै अनिर्णित

■ प्रभाव संवाददाता

**काठमाडौं–** मुलुकलाई सही दिशामा लैजान आफ्नो नेतृत्व चाहिने दाबी गर्दै आएको नेपाली कांग्रेसले महाधिवेशनबारे अझै निर्णय लिन सकेको छैन । केन्द्रीय समिति शुरु गरेको महिना दिन पुरा हुँदा पनि कांग्रेसले महाधिवेशनबारे निर्णय लिन नसकेको हो ।

असोज २८ गते शुरु गरेको कांग्रेस केन्द्रीय समिति भोलि शनिबारमात्र सकिने कांग्रेस केन्द्रीय कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले बताए । 'कार्यवाहक सभापतिको सम्बोधनसहित शनिबार बैठक सकिन्छ । निर्णय पनि आउँछ,' पौडेलले भने ।

बिहीबार अन्तिम बैठक भन्दै आएको कांग्रेसले कार्यवाहक सभापतिको सम्बोधन बाँकी राखेर बैठक भोलिको लागि सारेको हो । सभापति शेरबहादुर देउवासँग सल्लाह गरेरमात्र कांग्रेसले महाधिवेशबारे निर्णय गर्ने बताइरहेको बेला कांग्रेस एक दिन'रेस्ट'मा बसेको हो ।

बिहीबार उपसभापति धनराज गुरुङ, दुई महामन्त्री र चार महामन्त्रीले धारणा राख्दा कांग्रेस केन्द्रीय समिति तनावपूर्ण बनेको थियो । महामन्त्री गगन थापा र विश्वप्रकाश शर्माले विशेष महाधिवेशन गर्नुपर्नेमा जोड दिए । महामन्त्री शर्माले पुस १४ गते नै महाधिवेशन गर्नुपर्नेमा जोड दिँदा गगनले भने नियमितको सम्भावना बन्द भइसकेको तर्क अघि सारे ।

'पुस १६ मा नियमित महाधिवेशन गर्न अब भ्याइन्न, सकिन्न भन्ने निष्कर्ष निकाल्ने हो भने दोस्रो विकल्प- ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिले हस्ताक्षर गरेर विधानको १७(२) बमोजिम माग गरे अनुरूप मंसिरभित्र विशेष महाधिवेशन आयोजना गर्ने,' शर्माले भने । विशेष महाधिवेशनका लागि हस्ताक्षर गरेका ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिको अनादर गर्ने छुट कसैलाई नभएको शर्माको भनाइ थियो ।



> पुस १६ मा नियमित महाधिवेशन गर्न अब भ्याइन्न, सकिन्न भन्ने निष्कर्ष निकाल्ने हो भने दोस्रो विकल्प- ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिले हस्ताक्षर गरेर विधानको १७(२) बमोजिम माग गरे अनुरूप मंसिरभित्र विशेष महाधिवेशन आयोजना गर्ने
>
> ■ **विश्वप्रकाश शर्मा**
> **महामन्त्री**



> मैले नियमित अधिवेशन गर्न सकिन्छ भने तपाईंहरु सबैले सदस्यताका कारण देखाएर पन्छिनुभयो । अब म के निष्कर्षमा पुगे भने अब निर्वाचनअघि नियमित अधिवेशनको च्याप्टर क्लोज गरौं । अब एउटैमात्र विकल्प छ, मंसिर २७ र २८ गते विशेष अधिवेशन गरौं
>
> ■ **गगन थापा**
> **महामन्त्री**

महामन्त्री थापाले भने नियमित महाधिवेशनको अध्याय बन्द भएकोले अब विशेष महाधिवेशन गर्नुपर्नेमा जोड दिए । आफूले सबैलाई हात जोड्दै नियमित महाधिवेशन गरौ भने पनि नमानेपछि यो निष्कर्षमा पुगेको उनको भनाई थियो । 'मैले नियमित अधिवेशन गर्न सकिन्छ भने तपाईंहरू सबैले सदस्यताका कारण देखाएर पन्छिनुभयो । अब म के निष्कर्षमा पुगे भने अब निर्वाचनअघि नियमित अधिवेशनको च्याप्टर क्लोज गरौं । अब एउटैमात्र विकल्प छ, मंसिर २७ र २८ गते विशेष अधिवेशन गरौं,' थापाले भने । जबकि कात्तिक १८ गते पुस १६ देखि १९ सम्म गर्ने गरी १५ औं महाधिवेशनको कार्यतालिका पेश गरेका थिए ।

### विरोधमा सहमहामन्त्रीहरु

महामन्त्रीहरूले विशेष महाधिवेशनमा जोड दिँदा सहमहामन्त्रीहरूले भने विशेष महाधिवेशले कांग्रेसमा फुट ल्याउने चेतावनी दिए । सहमहामन्त्री भीष्मराज आङदेम्बेले नियमित महाधिवेशनकै निर्णय केन्द्रीय समितिले गर्नुपर्नेमा जोड दिए । 'म के चाहन्छु भन्दा हरेक कुरा केन्द्रीय समितिबाट टुंगो लागोस् । विशेष अधिवेशन पनि केन्द्रीय समितिबाट टुंगो लागेर जाओस्,' आङदेम्बेले भने, 'अझै म विशेष महाधिवेशन हुँदै नहोस् भन्ने चाहना राख्ने मानिस हो ।'

विशेष महाधिवेशनका लागि हस्ताक्षर रूजुसम्म पुग्दा पार्टी फुटसम्म जान सकिने उनले बताए । अर्का सहमहामन्त्री किशोरसिंह राठौरले महामन्त्रीहरूको भनाई सुन्दा रिस पनि उठ्ने माया पनि लाग्ने धारणा राखे । 'महामन्त्रीजस्तो भएको मान्छेले के बोल्नुभएको हेर्दा माया लाग्छ कुरा सुन्दा रिस उठ्छ, मेरो भाइ हो,' उनले भने, 'गगनजीहरू बढी पपुलर कुरा गर्नुहुन्छ ।'

अर्का सहमहामन्त्री उमाकान्त चौधरीले महामन्त्री थापाले विशेष महाधिवेशन गर्न खोजेर जनतालाई चिरा पार्ने काम गरेको आरोप लगाए ।


क्रमशः पृष्ठ २ मा


## सम्पत्ति विवरण बुझाउन आनाकानी गर्दै मन्त्रीहरू

> केही मन्त्रीले सम्पत्ति विवरण बुझाउन बाँकी नै छ । प्रधानमन्त्रीज्यू र पाँच जना मन्त्रीज्यूको सम्पत्ति विवरण आइसक्यो । बाँकी मन्त्रीहरूको पनि आएपछि मन्त्रिपरिषद् बैठकले गर्ने निर्णयका आधारमा उहाँहरूको सम्पत्ति विवरण सार्वजनिक हुन्छ
>
> **हेमराज अर्याल**
> **प्रवक्ता, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय**



> - प्रधानमन्त्री सुशीला कार्की, अर्थमन्त्री रामेश्वर खनाल, गृहमन्त्री ओमप्रकाश अर्याल, शिक्षामन्त्री महावीर पुन, उद्योगमन्त्री अनिलकुमार सिन्हा र खेलकुदमन्त्री बब्लु गुप्ताले सम्पत्ति विवरण बुझाए तर सार्वजनिक गर्न बाँकी
> - ऊर्जामन्त्री कुलमान घिसिङ, सञ्चारमन्त्री जगदीश खरेल, कृषिमन्त्री डा. मदन परियार र स्वास्थ्यमन्त्री डा. सुधा गौतमले त सम्पत्ति विवरण बुझाउनै बाँकी

■ जेबी योञ्जन

**काठमाडौं–** भ्रष्टाचार नियन्त्रणसँगै सुशासन र पारदर्शीता कायम गर्नुपर्ने मुख्य कार्यभार बोकेको वर्तमान सरकारका प्रधानमन्त्री सुशीला कार्की र मन्त्रीहरूले सम्पत्ति विवरण सार्वजनिक गर्न आनाकानी गरिरहेका छन् ।

प्रधानमन्त्री कार्की र केही मन्त्रीहरू पदमा बहाल भएको ६० दिन बितिसक्यो । यसबीचमा उनीहरूले सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्थ्यो । तर, गरेका छैनन् ।

भ्रष्टाचार निवारण ऐन २०५९ र अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन २०४८ अनुसार सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्छ । सार्वजनिक संस्थाको कुनै पदमा बहाल रहेका व्यक्तिले पद धारण गरेको मितिले ६० दिनभित्र आफ्नो र आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सासहितको अद्यावधिक विवरण भ्रष्टाचार निवारण सार्वजनिक गर्नुपर्ने प्रावधान भ्रष्टाचार निवारण ऐनको दफा ५० मा छ । यस्तै किसिमको व्यवस्था अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐनमा पनि छ ।

२०४६ सालको राजनीतिक परिवर्तनपछि प्रधानमन्त्री र मन्त्रीहरूले यी दुई ऐनमा टेकेर सम्पत्ति विवरण बुझाउने परम्परा सुरु भएको अख्तियार दुरूपयोग अनुसन्धान आयोगका पूर्वप्रमुख आयुक्त सूर्यनाथ उपाध्याय बताउँछन् । उपाध्यायका अनुसार यो राजनीतिक भ्रष्टाचार नियन्त्रणको एउटा उपाय हो । सुशासन र पारदर्शीता कायम गर्ने प्रयत्न हो । जनतासामु पारदर्शी हुनु पनि हो ।

तर, रहस्यमयी ढंगले कार्की र उनी नेतृत्वको वर्तमान नागरिक सरकारका मन्त्रीहरू कसैको सम्पत्ति विवरण सार्वजनिक भएको छैन । यसले कार्की सरकारको भ्रष्टाचार नियन्त्रण, सुशासन र पारदर्शीता कायम गर्ने प्रतिबद्धतामा आशंका उत्पन्न भएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रवक्ता हेमराज अर्यालका अनुसार प्रधानमन्त्री कार्की र पाँच जना मन्त्रीले सम्पत्ति विवरण बुझाइसकेका छन् । तर, केही मन्त्रीले बुझाउन बाँकी रहेको र बुझाएपछि मन्त्रिपरिषद्ले गर्ने निर्णयका आधारमा सार्वजनिक गरिने प्रभावलाई बताए ।

'केही मन्त्रीले सम्पत्ति विवरण बुझाउन बाँकी नै छ । प्रधानमन्त्रीज्यू र पाँच जना मन्त्रीज्यूको सम्पत्ति विवरण आइसक्यो । बाँकी मन्त्रीहरूको पनि आएपछि मन्त्रिपरिषद् बैठकले गर्ने निर्णयका आधारमा उहाँहरूको सम्पत्ति विवरण सार्वजनिक हुन्छ,' अर्यालले भने ।

सम्पत्ति विवरण बुझाउनेमा प्रधानमन्त्री कार्कीसँगै अर्थ र संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री रामेश्वर खनाल र गृहमन्त्री ओमप्रकाश अर्याल छन् । उद्योग, कानुन र भूमि व्यवस्था मन्त्रालय सम्हाल्दै आएका मन्त्री अनिलकुमार सिन्हा र शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री डा. महावीर पुन तथा युवा तथा खेलकुदमन्त्री बब्लु गुप्ताले सम्पत्ति विवरण बुझाएका छन् ।

प्रवक्ता अर्याल पहिलो चरणमै मन्त्री भएकाहरूमध्ये सम्पत्ति विवरण नबुझाउने ऊर्जामन्त्री कुलमान घिसिङ छन् । सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेल, कृषि तथा पशुपंक्षीमन्त्री डा. मदन परियार र स्वास्थ्य तथा जनसंख्यामन्त्री डा. सुधा गौतमले पनि सम्पत्ति विवरण बुझाएका छैनन् ।

भ्रष्टाचारविरुद्ध विश्वव्यापी रूपमा सक्रिय संगठन ट्रान्सपरेन्सी इन्टरनेसनलका नेपाल प्रमुख मदनकृष्ण शर्मा भन्छन्, 'अहिलेको सरकारको मुख्य कार्यादेश भनेकै सुशासन हो । त्यसो हुनाले बिना दबाब सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्थ्यो । त्यसमा चुक्नु दुःखद् हो । जबकि, हालसम्मका भ्रष्टाचारकाण्डको जाँचबुझ गरेर टुंगो लगाउनुपर्ने अभिभारा पनि यो सरकारसँग छ ।'

विगतमा मन्त्रिपरिषद्को बैठकबाट निर्णय गरेर प्रधानमन्त्री र मन्त्रीहरूको सम्पत्ति विवरण सार्वजनिक गरिन्थ्यो । यसपटक भने त्यसो नगरिएको हो । २०४८ पछि गठित गिरिजाप्रसाद कोइराला सरकारका मन्त्रीहरूले पहिलोपटक सम्पत्ति विवरण सार्वजनिक गरेका थिए ।


क्रमशः पृष्ठ २ मा


**सन्दर्भः वैदेशिक रोजगार**

## श्रममा विभागीय मन्त्री नहुँदा बढ्दै वैदेशिक रोजगारीका समस्या

■ ममता थापा

**काठमाडौं-** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले विगत दुई महिनायता विभागीय मन्त्री पाएको छैन । रेमिटचान्स अर्थतन्त्रको प्रमुख अंग बनेको यो समयमा मन्त्रालयले विभागीय नेतृत्व नपाउँदा वैदेशिक रोजगारीका समस्या बढ्न थालेका छन् ।

यसले श्रमिक तथा व्यवसायी मारमा पर्न थालेको वैदेशिक रोजगार व्यवसायी बताउँछन् । गत भदौ २३ र २४ को जेन-जी आन्दोलनपछि प्रधानमन्त्री सुशीला कार्कीले नै श्रम मन्त्रालयले जिम्मेवारी सम्हालिरहेकी छन् । अरु मन्त्रालयमा सम्बन्धित विषका विज्ञ मन्त्री हुँदा श्रममा पनि पनि सम्बन्धित क्षेत्र बुझेका व्यक्ति आउने आशमा व्यवसायी थिए ।

श्रमले सम्बन्धित क्षेत्रको ज्ञान भएको नेतृत्व नपाउँदा विभिन्न श्रम गन्तव्य मुलुकमा देखिएको समस्या जटिल बन्दै गएको नेपाल वैदेशिक रोजगार व्यवसायी संघका सचिव कुन्छादोर्जे डिमदोङले बताए । 'जिट्को नवीकरण लामो समयदेखि भएको छैन । अहिले खारेज नै गर्ने भन्ने तयारी भइरहेको छ । मन्त्री भएको भए छिटो हुन्थ्यो कि भन्ने हो,' डिमदोङले भने, 'कुवेतमा गएका ड्राइभरको लाइसेन्स दुई महिनासम्म भेरिफाइ नभएको अवस्थामा अहिले बल्ल काम सुरु भयो भन्ने आएको छ ।'



> - जेन-जी आन्दोलनपछि बनेको अन्तरिम सरकारका प्रधानमन्त्री सुशीला कार्कीले नै श्रम मन्त्रालयले जिम्मेवारी सम्हालिरहेकी छन्
> - विभागीय मन्त्री नहुँदा समस्याहरु समाधानमा ढिलाई भइरहेको छ भने प्रधानमन्त्री कार्कीले मन्त्रालयका लागि समय निकाल्न सकिरहेका छैनन्
> - विगतका सरकारले श्रम मन्त्रालयलाई न्यून प्राथमिकतामा राखेको अवस्थामा अहिलेको सरकारले पनि त्यही नियति दोहोऱ्याएको व्यवसायीहरूको आरोप छ

यस्ता विषय हेर्दा साना देखिए पनि कामदार प्रत्यक्ष मारमा परिरहेको उनले बताए । यतिमात्र हैन भिजिट भिजाको नाममा घरेलु कामदार महिला कामदार विदेशिरहेको अवस्थामा कुनै निकायले नियमन गरेको छैन । नेपालीहरूको प्रमुख श्रम गन्तव्य संयुक्त अबर इमिरेट्स (यूएई)मा विभिन्न समस्याका कारण श्रमिक मारमा परिरहेको डिमदोङले बताए । 'यूएई जाने पाँच सय भन्दा बढी श्रमिक कलिङ भिजा आएर रोकिएर बसेका छन् । उनीहरूलाई हुँदैन भनेर फर्काउन पनि सकिएको छैन । उनीहरू भइहाल्छ कि भनेर पर्खिएर बसेका छन्,' डिमदोङले भने, 'त्यस्तै यूएईमा रोजगारी खुलाउने पहल आजसम्म भएको छैन । यूएई नखुल्दा समग्र नेपाली कामदारको छवीमाथि नै प्रश्न उठिरहेको छ ।' एकातिर श्रमिक प्रत्यक्ष मारमा परेको अवस्थामा व्यवसायीलाई पनि समस्या परेको उनको भनाइ छ ।

### समस्या बढ्दा छैन सुल्झाउने नेतृत्व

मन्त्रालयमा सम्बोधन गर्नुपर्ने समस्याको चाङ लागिरहँदा कामको चाप भने घट्दै गएको कर्मचारीहरू बताउँछन् । विभागीय मन्त्री हुँदा समस्या समाधानका लागि तुरुन्तै एक्सन लिने काम हुन्थ्यो । 'मन्त्री हुँदा नयाँनयाँ इस्यु सिधै आउँथ्यो । यसलाई सम्बोधन गरिहाल्न चटारो पर्थ्यो ।


क्रमशः पृष्ठ २ मा


## मधेश प्रदेशका सभामुख मण्डलले हटाए पाँच सांसद्

**काठमाडौं–** नेपाली कांग्रेससहित सात दलले मधेस प्रदेशसभाका सभामुख रामचन्द्र मण्डलविरुद्ध अविश्वासको प्रस्ता दर्ता गराएका छन् । बिहीबार मधेस प्रदेशसभा सचिवालयमा सभामुख मण्डलविरुद्ध सात राजनीतिक दलले अविश्वासको प्रस्ताव दर्ता गराएका हुन् ।

नेपाली कांग्रेस, जसपा नेपाल, जनमत पार्टी, नेकपा (माओवादी केन्द्र), एकीकृत समाजवादी, लोकतान्त्रिक समाजवादी नेपाल र नागरिक उन्मुक्ति पार्टीले ६४ सांसदको हस्ताक्षरसहित प्रस्ताव दर्ता गराएको छ । प्रदेशसभामा १०७ सदस्य रहेको छ । अहिले तीन जना सांसद निलम्वनमा छन् ।

अविश्वासको प्रस्ताव दर्ता भएपछि सभामुखले पाँच सांसदलाई पदमुक्त गरेका छन् । लगातार १० पटक प्रदेशसभा बैठकमा अनुपस्थित भएको भन्दै सभामुख मण्डलले जनता समाजवादी पार्टी (जसपा)का चार र नागरिक उन्मुक्तिका एक जनालाई पदमुक्त गरिएको सूचना जारी गरेका हुन् ।

जसपाका सांसद मनिष कुमार सुमन, सप्तरी, संजय कुमार यादव, सिंहासन सा कलवार र सारदा संकर प्रसाद कलवार तथा नागरिक उनमुक्ति पार्टीकी सांसद उर्मिला देवी सिंहमाथि कारबाही भएको हो । 'संविधानमा मधेश प्रदेश सभा बैठकको अभिलेख अनुसार नेपालको संविधानको धारा १८० यो बमोजिम प्रदेश सभामा लगातार १० (दश) वटा बैठकमा अनुपस्थित रहेका तपशिलमा उल्लेखित माननीय सदस्यहरू मिति २०८२ कात्तिक २७ गते देखि प्रदेश सभा सदस्यबाट पद मुक्त भएको हुँदा निजहरू प्रदेश सभा सदस्यहरूको स्थान रिक्त भएको बेहोरा प्रदेश सभा कार्य सञ्चालन नियमावाली, २०७५ को नियम १८५ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ' सूचनामा उल्लेख छ ।



जसपाका सांसद मनिष कुमार सुमन, सप्तरी, संजय कुमार यादव, सिंहासन सा कलवार र सारदा संकर प्रसाद कलवार तथा नागरिक उनमुक्ति पार्टीकी सांसद उर्मिला देवी सिंहमाथि कारबाही भएको हो

माओवादी केन्द्रका दलका नेता भरत प्रसाद साहका अनुसार प्रदेश सभा सदस्यहरूलाई सभामुख मण्डलले हातपात गरेको आरोपसमेत लगाए ।


क्रमशः पृष्ठ २ मा

पृष्ठ १ बाट क्रमश:

## सम्पत्ति विवरण...

किनभने कोइराला सरकारको पहिलो निर्णय नै १५ दिनभित्र सम्पत्ति विवरण सार्वजनिक गर्ने भन्ने थियो । सोहीअनुसार प्रधानमन्त्री कोइरालासहित मन्त्रीहरूको सम्पत्ति विवरण सार्वजनिक भएको थियो । गोरखापत्रमा पनि छापिएको थियो ।

पहिलो कम्युनिस्ट प्रधानमन्त्री मनमोहन अधिकारीको सरकारले त सात दिनमै सम्पत्ति विवरण सार्वजनिक गऱ्यो । त्यसपछिका सरकारहरूले पनि सार्वजनिक गर्दै आए । यद्यपि, यसपटक अझ सुशासनकै कार्यभार बोकेको नागरिक सरकारले सम्पत्ति विवरण सार्वजनिक गर्न विलम्ब गरेको हो ।

गत २३ र २४ भदौमा भएको जेन-जी विद्रोहको मूल एजेन्डा राजनीतिक भ्रष्टाचारको अन्त्य थियो । राजनीतिक नेतृत्वहरू भ्रष्टाचारमा संलग्न भएको र उनीहरूमाथि जाँचबुझ गर्नुपर्ने जेन-जीहरूको माग थियो । नेताहरूका छोराछोरीको विलाशितापूर्ण जीवनको स्रोतमा पारदर्शीताको प्रश्न उनीहरूको थियो । तिनै जेन-जी विद्रोहले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीलाई सत्ताच्युत गरेपछि गठित कार्की सरकारको पनि सुशासन, भ्रष्टाचार नियन्त्रणसँगै पारदर्शीताको मामिलामा शुभ लक्षण नदेखिएको ट्रान्सपरेन्सी इन्टरनेसनलका नेपाल प्रमुख शर्माको भनाइ छ ।

प्रधानमन्त्रीमा कार्कीको नियुक्त भएको गत २७ भदौमा हो । अर्थमन्त्रीमा रामेश्वर खनाल, ऊर्जामन्त्रीमा कुलमान घिसिङ र गृहमन्त्रीमा ओमप्रकाश अर्यालको नियुक्ति ३० भदौमा भएको थियो । मन्त्रिपरिषद्का बाँकी सदस्यहरू त्यसपछि मन्त्री भएका हुन् ।

■■■

## महाधिवेशनबारे...

'साइन गरेर ल्याउ पनि भन्ने, निर्णय मै गर्छु पनि भन्ने ? यस्तो पनि सुहाउँछ ? तपाईं हाम्रो संस्था हो । तपाईं संस्था भएको व्यक्तिले यो भन्न मिल्दैन । मिल्दै मिल्दैन,' चौधरीले भने, 'तर, तपाईंले भन्नुभयो, अत्यन्तै गलत गर्नुभयो । तपाईंले देशभरका जनतालाई चिराचिरा पार्नुभएको छ ।'

सहमहामन्त्री चौधरीले २४ भदौअघि सबैले सभापति देउवासँग हरेक करामा भागबण्डा लिएको तर अहिले आएर सबै जना पानीमाथिको ओभानो बन्न खोजेको आरोप लगाए । बैठकमा अर्का सहमहामन्त्री फरमुल्लाह मन्सुरले धारणा राख्ने क्रममा भने होहल्ला भएको थियो । मन्सुरले यसअघि कात्तिक १९ गते नै धारणा राखेकाले दोहोरो मन्तव्य राख्न नपाउने भन्दै केन्द्रीय सदस्यहरूले विरोध गरेका थिए । मन्सुर बोल्दाबोल्दै केन्द्रीय सदस्यहरूले कार्यवाहक सभापति खड्कालाई आपत्ति जनाउन पुगेका थिए । उक्त समयमा खड्काले उनीहरूलाई सम्झाउनु परेको थियो ।

मन्सुरले यसअघि महामन्त्री थापालाई प्रधानमन्त्रीका रूपमा अघि सारेर निर्वाचनमा जानुपर्ने प्रस्ताव अघि सारेका थिए । बिहीबार भने मन्सुरले पार्टीमा टिके प्रथाबाट बन्ने नेतृत्वको काम नरहेको बताएका थिए ।

■■■

## श्रममा...

अहिले नगरी नहुने काम भएमात्र गर्ने नभए कर्मचारी नै पन्छिने गरेका छन्,' एक कर्मचारीले भने । प्रधानमन्त्रीकै समयका कारण पनि जटिलता देखिने गरेको अर्का कर्मचारीले बताए । 'प्रधानमन्त्रीज्यूको समय लिन गाह्रो छ । दैनिक फाइलहरू लान पनि गाह्रो । बाइल्याट्रल एग्रीमेन्ट जस्ता विषयमा विभागीय मन्त्रीको हिसाबले प्रधानमन्त्रीले सदर गर्नुपर्ने हुन्छ । अनि फेरि क्याबिनेटमा लानुपर्छ । प्रधानमन्त्रीलाई स्वयम्लाई पनि अप्ठ्यारो छ,' ती कर्मचारीले भने ।

मन्त्रालयका प्रवक्ता पिताम्बर घिमिरेले भने प्रधानमन्त्रीले नै मन्त्रीको जिम्मेवारी सम्हालेको अवस्थामा त्यस्तो समस्या नदेखिएको बताए । विगतकै जसरी काम अघि बढिरहेको उनको दाबी छ । 'मन्त्री हुँदा जस्तो दैनिक भेट हुने त्यस्तो चाहिँ हुँदैन, त्यो स्वाभाविक भयो । मन्त्रीस्तरीय नीतिगत निर्णयका लागि हामी फाइलहरू पठाउँछौं । निर्णय हुन्छ,' घिमिरेले भने, 'त्यस्तो समस्या भएको छैन । पहिला जसरी हुन्थ्यो त्यसरी नै हुन्छ ।'

### श्रमिक वर्गको वेवास्ता : श्रमविद्

मन्त्रालयमा भइरहेका काममा निरन्तरता दिन श्रममन्त्रालयमा छुट्टै नेतृत्व आवश्यक पर्ने श्रमविद् रामेश्वर नेपालले बताए । प्रधानमन्त्रीले पनि मन्त्रीले गर्ने जति काम गरिरहेको भन्ने कुरामा सत्यता नभएको नेपाल बताउँछन् । मन्त्रालयमा दैनिक रूपमा धेरै समस्या आउने र कतिपय तत्काल सम्बोधन गर्नुपर्ने विषयहरू सम्बोधन नहुँदा सेवाग्राही थप पीडित बनेको उनले बताए ।

'कतिपय दैनिक रूपमा आउने श्रम आप्रवासनका विषय जसमा राजनीतिक नेतृत्वले सम्हाल्दा कामहरू जसरी अगाडि बढ्थे त्यो भइरहेको छैन । जस्तै श्रमिकका विषयमा गुनासो नै सुनुवाई गर्ने र छिनोफानो गर्ने खालका कुरामा पनि दखल पुगेको देखिँदैन । जसले पीडित थप पीडित भएका छन्,' नेपालले भने, 'कर्मचारीबाट हुने कामहरू भएका होलान् तर पोलिटिकल लेभलबाट हुनुपर्ने कामहरू अवरुद्ध भएका छन् । प्रधानमन्त्री श्रम मन्त्री पनि त हो भन्ने कुरामा उहाँले अहिलेको जटिल अवस्थामा कति समय दिन सक्नुहुन्छ भन्ने हो ।'

विगतका सरकारले श्रम मन्त्रालयलाई न्यून प्राथमिकतामा राखेको अवस्थामा ओजनदार र नागरिकमैत्री छवि भएको व्यक्तिले नेतृत्व गरेको सरकारले पनि त्यही नियति दोहोऱ्याएको नेपालको दाबी छ । देशको सबैभन्दा ठूलो हिस्सा ओगटेको श्रमिक वर्गलाई सरकारले बेवास्ता गर्नु उदेकलाग्दो भएको उनको भनाइ छ ।

■■■

## मधेश प्रदेशका...

'सभामुख मण्डलले तीन जना माननीय ज्यूहरूमाथि हातपात गर्नुभएको छ,' साहले भने । जनमत पार्टीका दलका नेता महेशप्रसाद यादव, लोसपा प्रदेश सभा सदस्य उपेन्द्र यादव, जसपा नेपालका राज कुमार गुप्तालाई हातपात गरेको आरोप छ । महेश यादवले काठमाडौंबाट आएका सभामुखले अरु नै व्यक्ति लगाएर हातपात गरेको दाबी गरे ।

नेपालको संविधान, २०७२ र प्रदेश सभा कार्य सञ्चालन नियमावली, २०७५ बमोजिम प्रदेश सभाको सभामुखले प्रदेश सभा बैठक कुनै दलको प्रभावबिना संसदीय मूल्यमान्यता तथा नियमावली बमोजिम सञ्चालन गर्नुपर्ने हुन्छ । तर सभामुख मण्डलले एक दलको निर्देशन बमोजिम पटक पटक सभा संचालन गरेको आरोप उनीहरूले लगाएका छन् । सभामुखले पद अनुकूलको आचरण नगरेको भन्दै ६४ जना प्रदेश सभा सदस्यको समर्थनमा सभामुखले पद अनुकूल उच्चारण नगरेको प्रस्ताव प्रदेश सभामा कार्य संचालन नियमावली, २०७५ को नियम १८० को उपनियम (१) बमोजिम पेस गरेको प्रस्तावमा उल्लेख छ ।

प्रदेशसभा कार्य सञ्चालन नियमावली २०७५ (१) नियम १८० को उपनियम १ बमोजिम सभामुखलाई पदीय अनुकूल आचरण सम्बन्धी दर्ता गराउने व्यवस्था छ । तर, सभामुखविरूद्ध अविश्वास प्रस्ताव पारित गर्न दुई तिहाइ बहुमत आवश्यक पर्ने संवैधानिक व्यवस्था छ । सभामुखविरूद्ध आएको अविश्वासको प्रस्तावमा उपसभामुख बबिता राउत इशरले तोक लगाएकी छन् ।

गत शनिबार तत्कालीन मुख्यमन्त्री जितेन्द्र सोनलले विश्वासको मत लिने बेला सभामुख मण्डलले तटस्थ भूमिका नखेलेको आरोप कांग्रेस सहितका सात दलले लगाउँदै आएका छन् । मण्डल एमालेबाट सभामुख बनेका हुन् । सभामुख मण्डल र प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीको कारण अहिलेको परिस्थिति बनेको भन्दै सात दल असन्तुष्ट छन् । भण्डारीलाई भने संघीय सरकारले पदमुक्त गरिसकेको छ ।

## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १२ अंक १९३ कार्तिक २७ गते २०८२ मा प्रकाशित **Apihimal Rural Municipality** को **Invitation For Bids** मा date of publication: 13th November 2025 (2082-07-27) साथै **बुदा नं.** ४ मा मिति 5th December 2025 (2082-08-19), **बुदा नं.** ५ मा मिति 14th December 2025 (2082-08-28) र **बुदा नं.** ६ मा मिति 14th December 2025 (2082-08-28) हुनुपर्नेमा अन्यथा हुन गएको सच्याइएको साथै टेवलको चौथो कलम Estimated Cost without VAT, PS and Contingencies Nrs. रद्द गरिएको यसै सूचनाबाट सच्याइएको जानकारी गराइन्छ ।

## मोटरसाइकल हराएको सूचना

मिति २०८२।०७।१९ गते का.जि.का.म.न.पा.-३२, काँडाघारी, मनोहरापुर पुल नजिक आफ्नै कोठा बाहिर पार्किङ गरिराखेको कालो/निलो रङ्को २२० सी.सी बजाज मोटरसाइकल दिनको अन्दाजी १:०० देखि ३:३० बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**धनीको नाम : हुलास फिनसर्भ हायर पर्चेज लिमिटेड**
**ऋणीको नाम: ईन्द्र धामी**
**बाइक नं.: बा.प्र. ०२-०४९ प ७७४५**
**च्यासिस नं.: MD2A13EX8NCM86338**
**इन्जिन नं. : DKXCNM40847**
**ठेगाना : टिकापुर, कैलाली**
**सम्पर्क नं. ९८५१३६२१३५/ ९८०१७११८३४**

# वीर अस्पतालमा १० वटा भाइरसको परीक्षण

**काठमाडौं (प्रस)**– वीर अस्पतालमा श्वासप्रश्वाससम्बन्धी १० वटा विभिन्न रोगका भाइरसको एकैपटक परीक्षण सुरु गरिएको छ ।

अस्पतालको मेडिकल जेनेटिक्स (अनुवांशिक) प्रयोगशालामा श्वासप्रश्वाससम्बन्धी १० प्रकारका रोगको भाइरसको एकैपटक एकै समयमा परीक्षण सुरु गरिएको अस्पतालका मेडिकल अनुवांशिक विभागका प्रमुख डा. निलम ठाकुरले जानकारी दिए ।

उनले बिरामीको एउटा रोगको भाइरसको फरक-फरक परीक्षण गर्दा रोग पत्ता लगाउन समस्या भएकाले एकैपटक १० वटा रोगका भाइरसको परीक्षण गर्न थालिएको बताए । 'पहिले ती १० वटा रोगका भाइरसको फरक-फरक समयमा परीक्षण गर्ने गरेका थियौं, तर अहिले एकैपटक एकै समयमा परीक्षण गर्दा खर्च पनि कम लाग्दछ,' उनले भने, 'कुन भाइरसका कारणले कुन रोग लागेको हो भन्ने कुरा पनि पत्ता लाग्दछ, धेरै पटक परीक्षण आवश्यक पर्दैन ।'

उनले भाइरसले रोग पत्ता लगाएपछि अस्पतालमा नै उपचार गरिने बताए । यस्तै प्रयोगशालामा मस्तिष्क संक्रमणसम्बन्धी छ वटा भाइरसको पनि एकैपटक परीक्षण सुरु गरिएको विभागका प्रमुख डा. ठाकुरले जानकारी दिए । प्रयोगशालामा फोक्सोबाहेक अन्य भागमा लाग्ने क्षयरोगको पनि परीक्षण गरिन्छ ।

वि.सं. २०७३ मा अनुवांशिक (जेनेटिक) रोगको पहिचान र उपचार गर्न स्थापना गरिएको प्रयोगशालामा जनशक्ति तथा उपकरण अभावले रोगको परीक्षण नियमित हुन सकेको छैन । जिन (वंश)मा भएको अवस्थाले जन्मिने रोगलाई अनुवांशिक रोग भनिन्छ ।


## Chame Rural Municipality
## Office of the Rural Municipal Executive
**Chame, Manang**
**Gandaki Province, Nepal**

## Invitation for electronic Bids

**First date of publication: 14 November, 2025**

1. Chame Rural Municipality, Manang Invites the electronic bids only under e-procurement system from eligible bidders for construction of projects mentioned below under National Competitive bidding. All other information and Bid Documents can be downloaded from PPMO's website ***www.bolpatra.gov.np/egp*** or may obtain at office. Interested eligible bidders are requeste submit E-Bid only as per instruction within the mentioned period.

| S. N. | Name of Project | Contract ID | Cost of Bid Document (NRS) | Estimated Cost (NRS) Including VAT & PS | Bid Security Amount (NRS) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | Construction of Kitchen and Bathroom of Gaurishankar Basic School. | CRM-Works/03/082/083 | 3000.00 | 4544301.55 | 111000.00 | |
| ***Last date of bid submission : 15 December,2025*** | | | | | | |

2. ***Information to Deposit the cost of bidding document and bid security in Bank.***

| For Purchasing Bidding Document | Cash Deposit for Bid Security |
|---|---|
| **Name of the Bank:** Nepal Bank Ltd. Chame, Manang Nepal<br>**Name of the Office:** Chame Rural Municipality, Chame Manang Nepal<br>**Office Code no:** 801044001<br>**Office Account no:** Ga1.1(12803000001001000001)<br>**Rajaswa (Revenue) Shrishak No:** 14229 | **Name of the Bank:** Nepal Bank Ltd. Chame, Manang Nepal<br>**Name of the Office:** Chame Rural Municipality, Chame Manang Nepal<br>**Office Code no:** 801044001<br>**Office Account no:** 12803000003000000001 |

**Chief Administrative Officer**



## ओमनमा रोजगार
कम्पनी : Al Amri Center For Food Stuff Supplying And Consumable

पूर्व स्वीकृति मिति : २०८२/०२/२१ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०७/२७ LT. No. 325213 चलानी नं. ६०२३९१५२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Butcher | 3 | 0 | 140 | ५०,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Household Items Sales | 6 | 0 | 140 | ५०,००० | | | | | | | |
| 3 | Merchandise Pricing | 41 | 0 | 140 | ५०,००० | | | | | | | |
| 4 | Salesman (Electronic Items) | 9 | 0 | 140 | ५०,००० | | | | | | | |
| 5 | Salesman (Male) | 3 | 0 | 140 | ५०,००० | | | | | | | |
| 6 | Salesman Ready Made Clothes | 6 | 0 | 140 | ५०,००० | | | | | | | |
| 7 | Shoes Salesman | 6 | 0 | 140 | ५०,००० | | | | | | | |
| 8 | Watches Salesman | 3 | 0 | 140 | ५०,००० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर ५ गते (21st Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No 1726/081/082
**S.N.K. FACILITIES MANAGEMENT PVT. LTD.**
Bafal-13, Kathmandu, Nepal, T: 01-5922923
Mob: 9860603888, 9851049837, Email:- snkhrc@gmail.com, Web: www.snkmanpower.com



## कुवेतमा रोजगार
कम्पनी : AL-SHAQAYA UNITED COMPANY FOR CONSUMER ORDER DELIVERY

पूर्व स्वीकृति मिति : २०८२/०७/२६ LT. No. 333603 चलानी नं. ६०२४७२९९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Driver | 17 | 0 | 140 | ६४,६८९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर ५ गते (21st Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम इजाजत नं. ७९७/०६५/०६६
**Saudi Nepal Recruitment Agency Pvt.Ltd.**
Ganesh Basti, Maharajgunj 04, Kathmandu, Nepal, Tel.+977-01-4720350, 4720849, 5908112, E-mail:info@saudinepal.comWebsite :www.saudinepal.com



## कुवेतमा रोजगार
कम्पनी : AL THARYA CLEAN LAUNDRY CENTER CO.

पूर्व स्वीकृति मिति : २०८१/१२/२१ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०७/२७ LT. No. 321506 चलानी नं. ६०२३५६३१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 9 | 0 | 100 | ४६,१९३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर ५ गते (21st Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम ईजाजत नं. १५७१/०७९/०८०
**SPACE HR SOLUTIONS PVT.LTD**
Sukhedhara 4, Kathmandu; Tel: 01-5925496, Whatsapp No.: 9841607558
E-mail: info@spacehrsolution.com, Web: www.spacehrsolution.com



## साउदीमा रोजगार
कम्पनी : HAWAZIN SALEM ALARYANI ESTABLISHMENT FOR CONTRACTING

पूर्व स्वीकृति मिति : २०८२/०७/२७ LT. No. 333621 चलानी नं. ६०२४७३०३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 2 | 0 | 1000 | ३७,८२९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर ५ गते (21st Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Govt. License 280/058/059
**Cosmo International Overseas Pvt. Ltd.** (Overseas Employment Consultants)
Minbhawan, Kathmandu, Nepal, Tel : +977-1-4115190, 4115191 Fax : +977-1-4115189
E-mail : cosmointlpvt@gmail.com, kcshym_2008@yahoo.com Web : www. cosmointernational.com.pn



## कुवेतमा रोजगार
कम्पनी : KUWAIT FLOUR MILLS & BAKERIS CO.

पूर्व स्वीकृति मिति : २०८१/१२/०१ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०७/२७ LT. No. 320366 चलानी नं. ६०२३४४९०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Operation Technician | 27 | 0 | 152 | ७०,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Assistant Supervisors | 23 | 0 | 233 | १०७,७७५ | | | | | | | |
| 3 | Dough Kneader. | 11 | 0 | 152 | ७०,३१० | | | | | | | |
| 4 | Dough Mixer | 6 | 0 | 233 | १०७,७७५ | | | | | | | |
| 5 | Fire Fighters | 11 | 0 | 138 | ६३,९३० | | | | | | | |
| 6 | Forkit Operator (Gcc Valid License) | 11 | 0 | 152 | ७०,३१० | | | | | | | |
| 7 | Heavy Driver Kuwait Returned | 2 | 0 | 190 | ८७,८८५ | | | | | | | |
| 8 | Industrial Equipment Installation M | 36 | 0 | 152 | ७०,३१० | | | | | | | |
| 9 | Machine Operator/machinist | 24 | 0 | 190 | ८७,८८५ | | | | | | | |
| 10 | Occupation Security & Safety Technician | 17 | 0 | 233 | १०७,७७५ | | | | | | | |
| 11 | Production Helpers | 58 | 0 | 124 | ५७,३३५ | | | | | | | |
| 12 | Production Quality Controller | 5 | 0 | 340 | १५७,२७० | | | | | | | |
| 13 | Production Supervisor | 10 | 0 | 299 | १३८,३०५ | | | | | | | |
| 14 | Security & Safety Technician | 24 | 0 | 152 | ७०,३१० | | | | | | | |
| 15 | Senior Machine Operator | 1 | 0 | 233 | १०७,७७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर ५ गते (21st Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


LIC. 904/067/068
**DECENT EMPLOYMENT PVT. LTD.**
Samakhushi, Townplanning, Kathmandu, Nepal, Ph. No: +977-014973104
E-mail : cv.decentemployment@gmail.com, decentemploymentnepal@gmail.com, Website : www.decentemployment.com.np



## मलेसियामा रोजगार
कम्पनी : DURA GUARD FORCE & CONSULTANCY

पूर्व स्वीकृति मिति : २०८२/०७/२३ LT. No. 333262 चलानी नं. ६०२४७३३२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 45 | 0 | 1700 | ५८,४१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर ५ गते (21st Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**DOTI OVERSEAS PVT. LTD.**
Govt. License 1294/074/075
Airport Tilganga -09, Shambhumarga, Kathmandu Tel : 01-5912764, 5912763, Itahari Branch Office no: 025-590547
Mob: 9851062705/9860584683/9841555361, 9862742223, E-mail : doti.overseas1294@gmail.com, website: www.dotioverseas.com.np



## कतार/मरिससमा रोजगार
कम्पनी : SUCHANA CONTRACTING CLEANING ANDHOSPITALITY

पूर्व स्वीकृति मिति : २०८२/०५/११ पुन: विज्ञापन स्वीकृति मिति : २०८२/०७/२७ LT. No. 327220 चलानी नं. ६०२४१७५३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BRICK MASONS | 2 | 0 | 1200 | ४६,७६१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Carpenter | 4 | 0 | 1200 | ४६,७६१ | | | | | | | |
| 3 | electrician | 2 | 0 | 1200 | ४६,७६१ | | | | | | | |
| 4 | Foreman | 1 | 0 | 2500 | ९७,४१८ | | | | | | | |
| 5 | Labour | 2 | 0 | 1000 | ३८,९६७ | | | | | | | |
| 6 | MASON | 4 | 0 | 1200 | ४६,७६१ | | | | | | | |
| 7 | Office Cleaner | 4 | 0 | 1200 | ४६,७६१ | | | | | | | |
| 8 | PLUMBER | 1 | 0 | 1200 | ४६,७६१ | | | | | | | |
| 9 | WELDER | 2 | 0 | 1200 | ४६,७६१ | | | | | | | |

कम्पनी : K N E CO. LTD

पूर्व स्वीकृति मिति : २०८२/०३/२२ पुन: विज्ञापन स्वीकृति मिति : २०८२/०७/२७ LT. No. 326833 चलानी नं. ६०२४०७४३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब MUR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Machine Operator(Tailor) | 10 | 0 | 17500 | ५३,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर ५ गते (21st Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**CONFIDENT INTERNATIONAL MANPOWER PVT.LTD**
Sinamangal-9, Kathmandu, Nepal, Ph. No: 01-5918958-01-5918957
E-mail : confident1423@gmail.com, Web: www.confidentmanpower.com
श्रम ईजाजत नं. १४२३/०७४/७५



## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस **G.K.Group Pvt. Ltd.** कम्पनीले CHINA बाट पैठारी गरेको देहायको मालवस्तुहरूको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारण जानकारीका लागि प्रकाशन गरिएको छ ।

| सि. नं. | मालबस्तुको विवरण | मोडल | ब्राण्ड | उत्पात्तिको मुलुक राष्ट्र | ईकाई | इकाई प्रति मूल्य | प्रति इकाई अधिकतम खुद्रा बिक्री मूल्य (MRP) |
|---|---|---|---|---|---|---|---|
| 1. | RANGEHOOD CHIMNEY | 25SM3A900 | SMART | CHINA | PCS | 9,000 | 12,700 |
| 2. | RANGEHOOD CHIMNEY | 25SM3A750 | SMART | CHINA | PCS | 8,700 | 12,300 |
| 3. | RANGEHOOD CHIMNEY | 25SM1Y820 | SMART | CHINA | PCS | 7,650 | 11,150 |
| 4. | RANGEHOOD CHIMNEY | 25SM2Y820 | SMART | CHINA | PCS | 7,850 | 11,250 |

**बिक्रेताको फर्मको नाम: G.K. Group Pvt. Ltd.** — **स्थायी लेखा नं: 601889022**
**ठेगाना : Pepsikola-32, Kathmandu, Nepal** — **फोन नं. 98011711012**

# 'भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्नु सरकारको प्राथमिक दायित्व'



**काठमाडौं (प्रस)–** गृहमन्त्री ओमप्रकाश अर्यालले तोकिएकै समयमा निर्वाचन सम्पन्न गरी जनताबाट निर्वाचित प्रतिनिधिलाई सत्ता सुम्पन सरकार आतुर रहेको बताएका छन् । राष्ट्रिय सभाअन्तर्गतको संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिको बिहीबारको बैठकमा 'शान्ति सुरक्षा र आगामी निर्वाचनको तयारी' बारे धारणा राख्दै उनले आगामी फागुन २१ मा निर्वाचन सम्पन्न गर्नु वर्तमान सरकारको प्राथमिक जिम्मेवारी भएको बताए ।

गृहमन्त्री अर्यालले भने, 'स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन सम्पन्न राजनीतिक दल, सरोकारवाला र कूटनीतिक नियोगका प्रमुखलगायतसँग छलफल एवं परामर्श गरिएको छ ।' मुलुकमा शान्ति सुरक्षा र अमनचयन कायम गराउन सबै सुरक्षा निकायको समन्वयमा संयुक्त सुरक्षा गस्ती सुरु गरिएको उनको भनाइ छ ।

निर्वाचन सुरक्षा योजना तयार गर्न गृह मन्त्रालयका सहसचिवको संयोजकत्वमा सबै सुरक्षा निकायका प्रतिनिधि रहेको कार्यदल गठन भएको जानकारी दिँदै गृहमन्त्रीले कार्यदलले पेस गरेको प्रतिवेदनलाई केन्द्रीय सुरक्षा समितिबाट स्वीकृत गरी कार्यान्वयमा ल्याइने बताए ।

गृहमन्त्री अर्यालले विदेशमा रहेका नेपालीलाई समेत मताधिकारको अधिकार प्रदान गर्ने सम्बन्धमा कानुन संशोधनको गृहकार्य अगाडि बढेको स्पष्ट पारे । 'युवा पुस्तालाई मतदानको अवसर प्रदान गर्न मतदाता नामावली ऐन २०७३ लाई संशोधन गरिएको छ,' उनले भने, 'यसबाट दुई लाखभन्दा बढी मतदाता थप भएका छन् ।'

निर्वाचनका लागि सुरक्षा निकायका लागि आवश्यक पर्ने स्रोत र साधनको कतिपय व्यवस्थापन भइसकेको र कतिपय व्यवस्थापन हुने क्रममा रहेको गृहमन्त्रीको भनाइ छ । 'फरार कैदीबन्दी र लुटिएका हतियारलाई प्रमुख सुरक्षा चुनौतीको रूपमा लिई सरकार गम्भीरतापूर्वक अघि बढेको छ,' उनले भने, 'सम्पूर्ण चुनौतीलाई परास्त गरी स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन सम्पन्न हुनेमा सरकार विश्वस्त छ ।'

वर्तमान सरकारसँग देश र आमजनताको उच्च अपेक्षा रहेको जनाउँदै गृहमन्त्रीले छोटो अवधिको बावजुद जनताका आकांक्षालाई कानुनको परिधिभित्र रही अधिकतम् हासिल गर्न प्रयासरत रहने प्रतिबद्धता व्यक्त गरे, 'हामीलाई असफल हुने छुट नभएको हुँदा सबैबाट आगामी दिनमा हालको जस्तै साथ र सहयोग रहने कुरामा विश्वस्त छौं,' उनले भने ।

### भयरहित वातावरणमा निर्वाचन हुने सुनिश्चिता गर्न निर्देशन

राष्ट्रिय सभाअन्तर्गतको संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिले आसन्न प्रतिनिधिसभाको निर्वाचन स्वच्छ, निष्पक्ष र शान्तिपूर्ण वातावरणमा हुने सुनश्चितता गर्न सरकारलाई निर्देशन दिएको छ । समितिका सभापति सोनामगेल्जेन शेर्पाका अनुसार समितिको बिहीबार बसेको बैठकले प्रहरीको मनोबल उच्च बनाउँदै जेन-जी आन्दोलनका क्रममा लुटिएका हातहतियार फिर्ता गर्न र फरार कैदीलाई कानुनी दायरामा ल्याउन निर्देशन दिएको हो ।

समितिले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको तयारी र सुरक्षा अवस्थाबारे गृहमन्त्री अर्यालसँग छलफल गरेको हो । छलफलमा समितिका सदस्यहरूले निर्धारित मितिमै निर्वाचन सम्पन्न गर्नुपर्ने, प्रहरीको मनोबल बढाउनुपर्ने, मुलुकमा शान्ति सुरक्षा र अमनचयन कायम गर्नुपर्नेमा जोड दिए ।

# जेन-जी आन्दोलनको भावनाअनुरूप सेवा प्रवाह गर्न प्रधानमन्त्रीको निर्देशन



**काठमाडौं (प्रस)–** प्रधानमन्त्री सुशीला कार्कीले जेन-जी आन्दोलनको भावना र मर्मअनुसार जनआकांक्षाअनुरूप सेवाप्रवाह गर्न निर्देशन दिएकी छन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अन्तर्गतका निकायको चालु आवमा सञ्चालित कार्यक्रमको प्रथम त्रैमासिक प्रगति समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकमा प्रधानमन्त्री कार्कीले उच्च मनोवलका साथ निर्धारित लक्ष्य हासिल गर्नेगरी कार्यसम्पादन गर्न निर्देशन दिएकी हुन् ।

उनले जेन-जी आन्दोलनका क्रममा भएका तोडफोड र आगजनीबाट मन्त्रिपरिषद्को कार्यालयको क्षतिसहित अन्य भौतिक सम्पत्तिलगायत सम्पूर्ण क्षतिको विवरण यथाशक्य छिटो अद्यावधिक गर्न सम्बद्ध अधिकारीलाई निर्देशन दिइन् । यसैगरी अन्य निकायमा भएका क्षतिको एकीकृत विवरणको प्रतिवेदन तयार गर्न उनले निर्देशन दिएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।

प्रधानमन्त्री कार्कीले विद्युतीय खरिद प्रणाली सार्वजनिक निकायको खरिद प्रक्रियासँग जोडिएको संवदेनशील विषय भएकाले त्यसको स्तरोन्नतिका लागि आवश्यक पर्ने उपकरण खरिदको काम निर्धारित समयमै पूरा गरिसक्नुपर्ने बताइन् । उनले 'ग्रे लिस्ट'बाट नेपाललाई बाहिर निकाल्न नियमनकारी, अनुसन्धानकारी तथा अन्य सम्बद्ध निकायबाट सम्पादन भएका काम कारबाहीको मन्त्रिपरिषद्को कार्यालयले आवश्यक सहजीकरण, समन्वय एवं अनुगमन गर्नुपर्ने धारणा व्यक्त गरिन् ।

'सुशासनयुक्त र भ्रष्टाचार मुक्त राष्ट्र निर्माणप्रति वर्तमान सरकार प्रतिबद्ध रहेको छ, सार्वजनिक निकायबाट सम्पादन भएका काम कारवाही निष्पक्ष, स्वच्छ, सहज र सेवाग्राहीमैत्री भए-नभएको सूक्ष्म निगरानी तथा अनुगमन गर्न राष्ट्रिय सतर्कता केन्द्रले थप पहल गर्नुपर्छ,' प्रधानमन्त्री कार्कीले भनिन् ।

**Gandaki Province Government**

**Ministry of Physical Infrastructure Development & Transport Management**

## Infrastructure Development Office

**Kusma, Parbat**

## Invitation for Bids

Date of publication: Friday, November 14, 2025

Infrastructure Development Office, Parbat invites online bids only under e-procurement system from eligible bidders for the construction of ***Projects mentioned below*** under National Competitive Bidding. All other information and Bid Document can be downloaded from PPMO's Website **www.bolpatra.gov.np/egp**. All eligible bidders are requested to submit E-Bid only as per instructions within the mentioned period.

| S. N. | Works Descriptions | Contract ID | Estimated Amount NRs. (With PS & VAT) | Bid Document Fee | Bid Security Amount NRs. |
|---|---|---|---|---|---|
| 1 | Upgrading of Jamaldhari - Aahaldanda - Marangsing - Durlung Road, Kushma-8, Chuwa, Parbat | IDO/PAR/NCB/W/01/082-83 | NRs. 97,46,178.87 | NRs. 3000.00 | NRs. 2,50,000.00 |
| 2 | Upgrading of Naachne-Gaune Dil to Saalghari - Sima - Marangsing Road, Kushma -8, Parbat | IDO/PAR/NCB/W/02/082-83 | NRs. 97,44,985.59 | NRs. 3000.00 | NRs. 2,50,000.00 |
| 3 | Construction of Kaajikhor - Gumba - Dhurvala to Neta Road, Kushma -14, Parbat | IDO/PAR/NCB/W/03/082-83 | NRs. 48,71,973.53 | NRs. 3000.00 | NRs. 1,25,000.00 |
| 4 | Upgrading of Maaitekhoriya - Charipaani - Sima - Dilaghar - Kaaunle Road, Kushma -11, Parbat | IDO/PAR/NCB/W/04/082-83 | NRs. 48,72,389.52 | NRs. 3000.00 | NRs. 1,25,000.00 |
| 5 | Bhagawati Mandir - Paalepakha Road, Kushma -7 | IDO/PAR/NCB/W/05/082-83 | NRs. 48,72,239.48 | NRs. 3000.00 | NRs. 1,25,000.00 |
| 6 | Upgrading of Gangate - Kaarbaare - Dandakharka - Aarthar Road and Ambot Chowk to Gangate Chowk Road, Kushma -14 and Kushma -11, Parbat | IDO/PAR/NCB/W/06/082-83 | NRs. 48,72,855.57 | NRs. 3000.00 | NRs. 1,25,000.00 |
| 7 | Combined Package for the Construction of Durlung - Phapre - Patale Road, Kushma-3 / Samikot - Baajhkhet - Deuralikharka Road, Kushma -2 and Swamikot - Baajhakhet - Bodswara Road, Kushma -2 / Paudel - Shera Chowk - Pulami Chautara - Rohote Road, Kushma -2 | IDO/PAR/NCB/W/07/082-83 | NRs. 97,45,887.18 | NRs. 3000.00 | NRs. 2,50,000.00 |
| 8 | Combined Package for the construction of Jhapripokhari - Saanopakha to Ward Office Road, Modi -5, Bajhung / Kharibot - Darimbot - Bhattebaari Road, Kushma -1 and Kharibot - Darimbot - Bhatebari Road / Limithana - Manika - Nayabasti Road, Phalewas -7 | IDO/PAR/NCB/W/08/082-83 | NRs. 97,45,367.70 | NRs. 3000.00 | NRs. 2,50,000.00 |
| 9 | Upgrading of Lamakhet -Armana Sadak, Phalewas-4 / Khopiko Thulodhunga dekhi Swasthe Chauki Hudai Sirubari Lamaya Khola Pakki Pool samma Sadak , Phalewas-9 | IDO/PAR/NCB/W/09/082-83 | NRs. 48,59,825.68 | NRs. 3000.00 | NRs. 1,25,000.00 |
| 10 | Maintenance of Dobilla Phalewas Sadak, Ku.Na.Pa. & Pha.Na.Pa. | IDO/PAR/NCB/W/10/082-83 | NRs. 48,69,469.74 | NRs. 3000.00 | NRs. 1,25,000.00 |
| 11 | Upgrading of Tallo Khuma Machkatera Bagale Arjunchaupari Sadak, Phalewas-2/9 | IDO/PAR/NCB/W/11/082-83 | NRs. 48,69,007.76 | NRs. 3000.00 | NRs. 1,25,000.00 |
| 12 | Upgrading of Archale Khalte Pokharadhara Chandandada Salyandhara Gantari lunkhu Sadak, Phalewas-8 | IDO/PAR/NCB/W/12/082-83 | NRs. 48,69,864.42 | NRs. 3000.00 | NRs. 1,25,000.00 |
| 13 | Upgrading of Shaidchowk Ramche Swara Bhalpokhara Chuchun Deurali Sadak,Phalewas-3 / Kalakhola Kaule Ward Karlaya Bangara Sadak, Phalewas-9 | IDO/PAR/NCB/W/13/082-83 | NRs. 48,66,175.02 | NRs. 3000.00 | NRs. 1,25,000.00 |
| 14 | Upgrading of Phedi Chauke Melpokhari Sadak, Phalewas-2 /Bhaluakhola Katuwa Bagar Sadak, Phalewas-4/5 | IDO/PAR/NCB/W/14/082-83 | NRs. 48,59,793.79 | NRs. 3000.00 | NRs. 1,25,000.00 |
| 15 | Upgrading of Phapre Khanara Dhaiyara Sadak, Phalewas-2 / Pokharachaur Healthpost Hudai Chuchun Deurali Rugdi Tatopani Sadak, Phalewas-3/4 | IDO/PAR/NCB/W/15/082-83 | NRs. 48,67,888.22 | NRs. 3000.00 | NRs. 1,25,000.00 |
| 16 | Construction/Upgrading of Bajramara Devi Mandir Bayale Bazzar, Phalewas-9/Lamachilaune Pahire Sadak, Phalewas-2/Bajramara Mandirdekhi Jasukharka Batyani Sadak, Phalewas-9 | IDO/PAR/NCB/W/16/082-83 | NRs. 48,70,380.22 | NRs. 3000.00 | NRs. 1,25,000.00 |
| 17 | Upgrading of Pithedada Lamshalthar Saradikhola Chitre Sadak, Modi-8/Darak Regmithowk Lamshalthar Chitre Sadak, Modi-8 | IDO/PAR/NCB/W/17/082-83 | NRs. 48,73,109.47 | NRs. 3000.00 | NRs. 1,25,000.00 |
| 18 | Combined Package for Upgrading of Dadar Zero dekhi Adherikhola Ward Office, Bihadi-5/Wahaki Bhanjyang Khalta Rammandir Choniyadada, Bihadi-4/Dadar Khorpokhara Hudai Ward Karyalaya Samma Sadak, Bihadi-5 | IDO/PAR/NCB/W/18/082-83 | NRs. 97,45,891.68 | NRs. 3000.00 | NRs. 2,50,000.00 |
| 19 | Upgrading of Bhorle Gyami Kapre Dansing Sadak, Payaun-7/Galchina Dharampani Payaunkot Sadak, Payaun/Saraukhola Sadane Sitle Balakot Sadak Payaun-6 | IDO/PAR/NCB/W/19/082-83 | NRs. 48,73,217.37 | NRs. 3000.00 | NRs. 1,25,000.00 |
| 20 | Upgrading of Pakhapani Wardkaryalaya Bhandarithar Purnagaun Timure Lamtung, Mahashila-4/Bhoksing Sarbudanda Kolakhark Sadak, Mahashila-2 | IDO/PAR/NCB/W/20/082-83 | NRs. 48,72,877.22 | NRs. 3000.00 | NRs. 1,25,000.00 |
| 21 | Upgrading of Sarthan Bhujunge Lamtung Sadak, Mahashila-4 | IDO/PAR/NCB/W/21/082-83 | NRs. 48,73,063.86 | NRs. 3000.00 | NRs. 1,25,000.00 |
| 22 | Upgrading Kuwartole Kharibot Thana Sadak, Modi-6 | IDO/PAR/NCB/W/22/082-83 | NRs. 48,73,861.72 | NRs. 3000.00 | NRs. 1,25,000.00 |
| 23 | Upgrading of Hatiya Melpokhari Maidan Sadak, Phalewas-2/Shankarpokari Maidan Melpokhari Hatiya Sadak, Phalewas -3/2/Lunkhu Bandre Shera Sadak, mahashila-5/Lunkhu Deurali Bazzar Sadak, Mahashila-5 | IDO/PAR/NCB/W/23/082-83 | NRs. 48,73,397.57 | NRs. 3000.00 | NRs. 1,25,000.00 |

Submission Deadline: 2025-12-14 AD (2082-08-28 BS) 12:00 PM
Bid Opening Date: 2025-12-14 AD (2082-08-28 BS) 1:00 PM
Bid Document Fee: NRs.3,000

***Information to deposit the cost of bidding document in Bank:***
Name of Bank: Nepal Bank Limited, Kushma
Office Code No. 3370142014
Rajaswa Shirshak No. 14229

Name of Office: Infrastructure Development Office, Parbat
Office Account No.: 27302000001001000001

**For Office Chief**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## शक्तिलाई पुज्ने आयोगको चाला

**भदौ २३ र २४ गतेको घटनलाई छानबिन गर्न गठन गरेको उच्चस्तरीय जाँचबुझ आयोगले निवर्तमान आइजिपी चन्द्रकुबेर खापुङलाई स्थानहद तोकेको छ। विदेश भ्रमणमा रोक लगाउने गरी खापुङलाई उपत्यका बाहिर जानसमेत आयोगको स्वीकृत लिनुपर्ने गरी पत्राचार गरिएको छ।**

**आयोगले यसअघि खापुङसँग पटकपटक बयान लिएको थियो। बुधबार रातिबाट अवकाशमा गएसँगै खापुङलाई आयोगले स्थानहद तोकेको हो। ७० दिनका लागि आइजिपी भएका उनको पालामा जेनजी विद्रोहको क्रममा दुई दिनमै ७६ जनाको ज्यान गयो। ४२ जना सहिद भयो। यो विद्रोहमा युवाहरूमाथि प्रहरीले दमन गरेको आरोप उनीमाथि लाग्यो। त्यो भदौ २३ को कुरा थियो। भदौ २४ मा घटनाले अर्को रूप लियो। प्रहरीमाथि कुटपिट भयो। कुटपिटका क्रममा प्रहरीको मृत्यु भयो र चौकीहरू जलाइए। कैदीहरू कारागारबाट भागे भने हतियारहरूसमेत खोसिए। यसो हुँदा समाजमा एकप्रकारको त्रास फैलियो भने प्रहरीको नुर गिऱ्यो। समाजमा प्रहरीकै कारण शान्तिसुरक्षा कायम हुन्छ भने प्रहरीलाई नै धेरैले भरोसा पनि गर्छन्।**

**भदौ २४ को घटनापछि मनोबल गिर्दा प्रहरी कार्यक्षेत्रमा फर्कन सकेनन्। सडकमा ट्राफिक प्रहरी देखिँदैनथियो भने सामुदायिक बिटहरूमा पनि प्रहरी जान मान्दैनथे। यस्तो अवस्थामा प्रहरीलाई मनोबल आवश्यक थियो। यसरी गिरेको मनोबल उठाउन आइजिपी खापुङले हिम्मतिलो प्रयास गरे। आयोगले खापुङसँग भदौ २३ गते नयाँ बानेश्वरको संसद भवनको फिल्डमा खटेका जवानहरूको विवरण मागेको थियो। जवाफमा खापुङले भनेका थिए – त्यो दिन आइजिपीदेखि जवानसम्म सबै फिल्डमा खटेका थिए। त्यसपछि अप्ठेरोमा परेको आयोगले खापुङलाई पटकपटक जवाफ माग्यो। खासमा नेतृत्वमा बस्नेहरू जोगिने र फिल्डमा खटिने जवानमाथि भने कारबाही हुने प्रवृत्तिले पनि काम गर्ने मनोबल घट्छ। यही मनोबल उकास्न खापुङ आफ्नो संस्थाप्रति जिम्मेवार बनेका हुन्।**

**खासमा यो घटनामा त्यतिबेलाका प्रधानमन्त्री केपी शर्मा ओली, गृहमन्त्री रमेश लेखक र काठमाडौं जिल्लाका प्रमुख जिल्ला अधिकारी छवि रिजाल दोषी हुन्। उनीहरूलाई बयान लिनुपर्नेमा प्रहरीको एक जिम्मेवार नेतृत्वलाई जवाफ माग्नु युक्तिसंगत देखिन्न। जबकि पदमा हुन्जेल नमस्कार गर्ने र पदबाट हट्ने वित्तिकै मरेको बाघको जुँगा उखेलेजस्तो बहादुरी आयोगले गरेको छ। यो आयोगको सरासर कमजोरी हो। आयोगले ओली, लेखक र रिजाललाई बयान लिएर तुरुन्तै थुनामा लैजाने गरी प्रतिवेदन तयार गर्नुपर्छ। नभए खापुङलाई जसरी शक्तिबाट हटेपछिमात्र कारबाही हुने गरी तयार पारिएको प्रतिवेदन उही नाममात्रको हुनेछ।**

श्रम सरोकार

## सामाजिक सुरक्षा कोषबाट लिन सकिने लाभ

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको जीवन थप सुरक्षित होस् भनेर सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध हुनुपर्ने प्रावधान लागू गरिएको छ। यसका लागि उनीहरूलाई श्रम स्वीकृति लिँदा नै कोषमा आबद्ध गराइन्छ। बाध्यकारी भएकाले श्रम स्वीकृति लिने सबै कोषमा जोडिन्छन् तर यसका फाइदाहरू थाहा नपाउँदा अधिकांशले कोषमा नियमित रकम जम्मा गर्दैनन्। जसकारण अशक्तता, दुर्घटना, मृत्युजस्ता समस्या आइपर्दा पाउनुपर्ने सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था छ। श्रम स्वीकृति लिनेबेलामा मात्र नभई विदेशमा रहेकाहरूले पनि कोषमा आबद्ध हुन सक्छन्।

### के–के छन् फाइदा ?

योगदान रकमबाट उनीहरूले दुर्घटना तथा अशक्तता सुविधा तथा वृद्धावस्था सुरक्षा योजनामा सहभागी हुन पाउँछन्। यदि यस्ता श्रमिकको मृत्यु भएको अवस्थामा आश्रित परिवारलाई पनि कोषले सुविधा उपलब्ध गराउँछ। योगदान रकमको ७.४८ प्रतिशत रकम दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा जम्मा हुन्छ। त्यस्तै वृद्धावस्था सुरक्षा योजनामा १३.८५ प्रतिशत रकम जम्मा हुने व्यवस्था छ।

यो सुविधा पाउन घटना घटेको मितिभन्दा अघिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्ने प्रावधान छ। त्यस्तै, वृद्धावस्था सुरक्षा सुविधा प्राप्त गर्न भने योगदानकर्ताले वैदेशिक रोजगारी अन्त्य गरी नेपाल फर्किएको हुनुपर्छ। कोषमा हरेक महिना न्यूनतम दुई हजार दुई रूपैयाँ जम्मा गर्नुपर्छ। एकैपटक सात महिना वा सोभन्दा बढीको रकम जम्मा गरे १० प्रतिशतसम्म छुट पाइन्छ। वैदेशिक रोजगारीबाट फर्किंदा पनि कोषमा आबद्ध हुनेले विभिन्न सुविधा पाउने व्यवस्था छ।

### नियमित योगदान नगरे के हुन्छ ?

कोषमा नियमित योगदान नभए पाउनुपर्ने सुविधाबाट वञ्चित भइन्छ। कोषअन्तर्गतका विभिन्न योजनामध्य स्वास्थ्यसम्बन्धी सेवा पाउनका लागि पछिल्लो छ महिनाको रेकर्डमा तीन महिनाको योगदान गरेको भए पुग्छ। तर दुर्घटना, आश्रित परिवार कोषलगायतको सुविधा पाउन प्रत्येक महिना नियमितरूपमा जम्मा गरेको हुनुपर्दछ।

# मानसिक स्वास्थ्य सेवा सुदृढ गर्ने उपाय



डा. निराकारमान श्रेष्ठ

> नेपालमा हाल स्वास्थ्य क्षेत्रका लागि कूल राष्ट्रिय बजेटको करिब पाँच प्रतिशत रकममात्र छुट्याउने गरेको पाइन्छ। विश्व स्वास्थ्य संगठनले कूल राष्ट्रिय बजेटको कम्तीमा १० प्रतिशत स्वास्थ्य क्षेत्रलाई छुट्याउनुपर्छ भनी सिफारिस गरेको भएता पनि यो हुन सकेको छैन। त्यसैले कूल राष्ट्रिय बजेटको कम्तीमा १० प्रतिशत स्वास्थ्य क्षेत्रलाई छुट्याउनुको साथै स्वास्थ्य क्षेत्रमा प्राप्त बजेटमध्ये रोगको भारको अनुपातमा मानसिक स्वास्थ्यलाई रकम छुट्याउनुपर्छ।

नेपालमा आधुनिक मानसिक स्वास्थ्य सेवाको इतिहास धेरै लामो छैन। शताब्दीयौंसम्म मानसिक रोगलाई धार्मिक वा सांस्कृतिक दृष्टिले हेरिन्थ्यो। उपचारका लागि झारफुक, धामी-झाँक्रीको धार्मिक साधनामा भर पर्नुपर्ने स्थिति थियो। देशमा मानसिक रोगको समस्या बढ्दो रूपमा रहेको छ। मानसिक स्वास्थ्य सेवालाई अझ सुदृढ तथा सशक्त पार्नुपर्ने अति आवश्यक छ। त्यसका लागि धेरै उपायहरू हुन सक्छन्:

मानसिक स्वास्थ्य सेवामा सचेतना बढाउने:

मानसिक रोगप्रति अहिले पनि गाउँदेखि सहरसम्म नै पर्याप्त जनचेतना भएको पाइँदैन। यसप्रतिको अन्धविश्वास, गलत धारणा तथा सामाजिक कलंक प्रशस्त मात्रामा पाइन्छ। बिरामीलाई वर्षौंसम्म बाँधेर राख्ने, ठिंगुरामा राख्ने, कुटपिट गर्ने तथा अरू प्रकारको यातना दिने गरेको पाइन्छ। तसर्थ, मानसिक रोगप्रति सर्वसाधारण, समाजसेवी, योजनाविद्, राजनीतिक कार्यकर्ता तथा अन्य वर्गमा मानसिक रोगप्रति सचेतना ल्याउने, चेतनाको अभिवृद्धि गर्ने उद्देश्यले उचित प्रकारको सूचना तथा शिक्षाको प्रचारप्रसार गर्ने व्यवस्था गर्नुपर्छ।

### पाठ्यक्रममा मानसिक स्वास्थ्य:

निम्न माध्यमिक तथा माध्यमिकस्तरको विद्यालयको पाठ्यक्रममा मानसिक स्वास्थ्यसम्बन्धी चेतना जगाउने, अन्धविश्वास तथा गलत धारणा हटाउने तथा सामाजिक कलंक कम गर्ने खालका उपयुक्त ज्ञान समावेश गर्नका लागि शिक्षा मन्त्रालय तथा अरू सम्बन्धित निकायहरूसँग सहकार्य गर्नुपर्छ।

### मानसिक रोग विषय अध्ययन गर्न आकर्षण बढाउने:

मानसिक रोग विषय पढ्ने र यसप्रति आकर्षित हुनेको संख्या हाल पहिलेको भन्दा बढेको पाइन्छ। तर पनि जनसंख्याको आधारमा हाल मानसिक रोग विशेषज्ञको संख्या ज्यादै न्यून भएकाले राज्यले यसतर्फ ध्यान दिन अति आवश्यक देखिन्छ।

चिकित्सकलगायत अरू मानसिक स्वास्थ्य जनशक्ति तयार गर्ने:

मानसिक स्वास्थ्य सेवा भनेको एउटा टिमवर्क हो। यसमा साइक्याट्रिस्ट मुख्य व्यक्ति हुन्छन् भने यस टिममा क्लिनिकल साइकोलोजिस्ट, मनोरोग सामाजिक कार्यकर्ता, मनोरोग नर्स, अकुपेसनल थेरापिस्ट आदि अरू जनशक्ति पनि हुन्छन्। तसर्थ, साइक्याट्रिस्ट जनशक्ति वृद्धि गर्नुका साथै यी अरू जनशक्तिको उत्पादन गर्ने र तिनीहरूका लागि सरकारी क्षेत्रमा र अन्य क्षेत्रमा पनि दरबन्दी बढाउने कार्य गर्नुपर्छ। मानसिक रोग विशेषज्ञले मात्र मुलुकभरका जनतालाई मानसिक स्वास्थ्य सेवा प्रदान गर्न सम्भव नभएकाले मेडिकल अधिकृत, वरिष्ठ मेडिकल अधिकृत, नर्स तथा स्वास्थ्य सहायक तथा अरू पारामेडिक्सलाई मानसिक स्वास्थ्यसम्बन्धी तालिम दिएर उनीहरूबाट आधारभूत मानसिक सेवा प्रदान गर्ने व्यवस्था गर्नुपर्छ।

### औषधिको उपलब्धता:

**मानसिक रोगीहरूले प्राय:** लामो समयसम्म औषधि सेवन गर्नुपर्ने हुन्छ। तर मानसिक रोगसम्बन्धी औषधि फार्मेसीहरूमा सजिलै उपलब्ध हुँदैनन्। धेरैजसो बिरामीको लामो समयसम्म औषधि किनेर सेवन गर्न पनि सामर्थ्य हुँदैन। सबै तहका स्वास्थ्य संस्थामा मानसिक रोगसम्बन्धी न्यूनतम आवश्यक औषधि उपलब्ध गराउनुको साथै सरकारले नि:शुल्क वा एकदमै कम मूल्यमा ती औषधि बिरामीलाई उपलब्ध गराउने व्यवस्था गर्नुपर्छ।

### एकीकृत मानसिक स्वास्थ्य सेवामा जोड:

मानसिक स्वास्थ्य उपचार छुट्टै मानसिक अस्पतालमा गर्नुको साटो साधारण अस्पतालमा एकीकृतरूपमा गर्नुपर्छ। यसो गर्दा मानसिक रोगप्रतिको सामाजिक कलंक कम हुनुको साथै मानसिक बिरामीहरू पनि विनासंकोच अस्पतालमा उपचार गर्न आउँछन्। यतिमात्र नभई मानसिक रोगीको शारीरिक रोग तथा शारीरिक रोगीको मानसिक रोगको उपचार गर्न पनि बिरामीलाई र चिकित्सक दुवैलाई सजिलो हुन्छ।

### वार्षिक बजेट बढाउने:

नेपालमा हाल स्वास्थ्य क्षेत्रका लागि कूल राष्ट्रिय बजेटको करिब पाँच प्रतिशत रकममात्र छुट्याउने गरेको पाइन्छ। विश्व स्वास्थ्य संगठनले कूल राष्ट्रिय बजेटको कम्तीमा १० प्रतिशत स्वास्थ्य क्षेत्रलाई छुट्याउनुपर्छ भनी सिफारिस गरेको भएता पनि यो हुन सकेको छैन। त्यसैले कूल राष्ट्रिय बजेटको कम्तीमा १० प्रतिशत स्वास्थ्य क्षेत्रलाई छुट्याउनुको साथै स्वास्थ्य क्षेत्रमा प्राप्त बजेटमध्ये रोगको भारको अनुपातमा मानसिक स्वास्थ्यलाई रकम छुट्याउनुपर्छ।

### समुदायमा आधारित मानसिक स्वास्थ्य सेवा:

अस्पतालमा आधारित मानसिक स्वास्थ्य सेवालाई भन्दा समुदायमा आधारित मानसिक स्वास्थ्य सेवालाई प्राथमिकता दिनुपर्छ। यसले गर्दा मानसिक बिरामीको समयमा नै पहिचान, निदान तथा उपचार हुनुको साथै बिरामीले आफ्नो घरनजिकै सजिलोसँग सस्तोमा उपचार सेवा पाउँछन्। यस प्रकारको सेवा उनीहरूलाई सजिलै स्वीकार्य पनि हुन्छ।

### 'मानसिक रोग' नभनी रोगको प्रकार नै किटान गर्ने:

'मानसिक रोग'भन्दा सर्वसाधारणले कडा खाले मानसिक रोग तथा पागल वा मानसिक सन्तुलन बिग्रेको मानिस सम्झिने गर्छन्। सो बुझाइ गलत भएकोले मानसिक रोग नभनी शारीरिक रोगमा जस्तै कुन प्रकारको मानसिक रोग हो ? सो किटान गर्नुपर्छ।

### धामी, झाँक्री आदिसँग सहकार्य गर्ने र परिचालन गर्ने:

धामी, झाँक्री, माता, फुक्ने, जान्ने आदि नामले चिनिने परम्परागत उपचारक हाम्रो देशको हरेक ठाउँमा पाइन्छन्। यिनीहरू सजिलै र सस्तोरूपमा जुनसुकै बेला पनि उपलब्ध हुनुका साथै यिनीहरूले समुदायको विश्वास पनि पाएका हुन्छन्। गाउँ-घर तथा अशिक्षित व्यक्तिलगायत सहरी क्षेत्रमा शिक्षित व्यक्तिले पनि यिनीहरूलाई विश्वास गरेको पाइन्छ। उपचारका लागि आउने करिब ८० प्रतिशत बिरामीले कुनै न कुनै रूपमा पहिले यी परम्परागत उपचारककहाँ उपचार गरेको पाइन्छ। तसर्थ यिनीहरू समाजका अभिन्न अंग हुन् भन्ने तथ्यलाई मनन गरी यिनीहरूलाई मानसिक रोगसम्बन्धी उचित तालिम दिएर मानसिक बिरामीको पहिचान गरी मानसिक स्वास्थ्य केन्द्र तथा मानसिक रोग विशेषज्ञलाई रिफर गर्ने व्यवस्था मिलाउनुपर्छ।

### सबैभन्दा तल्लो तहका स्वास्थ्यकर्मी परिचालन गर्ने:

ग्रामीण स्तरमा रहेर काम गर्ने ग्रामीण स्वास्थ्य कार्यकर्ता, महिला मातृशिशु स्वास्थ्य कार्यकर्ता, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका आदिलाई मानसिक रोगसम्बन्धी जनचेतना जगाउने, मानसिक रोगसम्बन्धी आधारभूत शिक्षा दिने र आधारभूत मानसिक रोग पहिचान गरी उपचारका लागि प्रेषण गर्न सक्ने तालिम दिनुपर्छ।

### टेलिमेडिसिन तथा टेलिहेल्थ कार्यक्रम सञ्चालन गर्ने:

टेलिमेडिसिन तथा टेलिहेल्थ कार्यक्रमबाट दुर्गम स्थानमा भएका बिरामीलाई नभेटी उनीहरू बसेकै स्थानमा मानसिक स्वास्थ्य सेवा दिने कार्य गर्न सकिन्छ। यसबाट दुर्गम स्थानमा काम गर्ने स्वास्थ्यकर्मीलाई मानसिक रोगको निदान तथा उपचार गर्न पनि मद्दत गर्न सकिन्छ। यस प्रकारका सेवा उनीहरूलाई सजिलै स्वीकार्य हुनुका साथै उनीहरू लाभान्वित हुन सक्छन्। त्यस कारण टेलिहेल्थ तथा टेलिमेडिसिन कार्यक्रमलाई प्राथमिकतामा राखी यसबाट सकेसम्म फाइदा उठाउने व्यवस्था गर्नुपर्छ।

### राष्ट्रिय दुर्व्यसन नियन्त्रण केन्द्र:

**दुर्व्यसन भन्नाले प्राय:** लागुऔषध दुर्व्यसनलाई मात्र लिने गरेको पाइन्छ। तर यो सोचाइ गलत हो। दुर्व्यसन सामान्यतया दुई प्रकारको हुन्छ। एउटा रासायनिक दुर्व्यसन र अर्को आदतको दुर्व्यसन। रासायनिक दुर्व्यसनमा लागुऔषध दुर्व्यसन, मादक पदार्थ दुर्व्यसन, तमाखु दुर्व्यसन आदि पर्दछन् भने आदती दुर्व्यसनमा जुवा-तास खेल्ने दुर्व्यसन, इन्टरनेट दुर्व्यसन, यौन दुर्व्यसन आदि पर्दछन्। सबैखाले दुर्व्यसन समाजमा बढ्दोरूपमा देखापरे पनि हाम्रो देशमा हालसम्म कुनै त्यस्तो संस्था छैन, जसले समग्रमा विभिन्न प्रकारका दुर्व्यसन नियन्त्रणको काम गर्दछ। लागुऔषध नियन्त्रणका लागि संस्था भएता पनि विभिन्न प्रकारका दुर्व्यसनका क्षेत्रलाई यसले नसमेटेकोले सबैलाई समेट्ने एउटा राष्ट्रिय संस्थाको खाँचो छ।

### मानसिक स्वास्थ्य क्याम्प:

सबै मेडिकल कलेज र स्थानीयसँग सहकार्य एवं समन्वय गरी देशका दुर्गम स्थानमा नियमितरूपमा मानसिक स्वास्थ्य क्याम्प आयोजना गर्नुपर्छ। यसले गर्दा दुर्गम क्षेत्रका बिरामीहरू लाभान्वित हुन सक्छन्।

### स्वस्थ जीवनशैली र खानपिनबारे प्रचार-प्रसार:

कतिपय मानसिक रोगहरू अस्वस्थ जीवनशैली तथा अस्वस्थ खानपिनबाट हुने र कतिपय मानसिक रोग लम्बिने तथा चर्किने वा निको भइसकेको मानसिक रोग फेरि बल्झिने हुन्छन्। त्यसैले अस्वस्थ जीवनशैली तथा अस्वस्थ खानपिनले मानसिक स्वास्थ्यमा पार्ने नकारात्मक असर, स्वस्थ जीवनशैली र स्वस्थ खानपिनबारे प्रचारप्रसार गरी व्यवहारमा परिवर्तन ल्याउन प्रोत्साहित गर्नुपर्छ।

### छुट्टै मानसिक स्वास्थ्य ऐन ल्याउने:

मानसिक स्वास्थ्य सेवाको प्रवर्द्धन तथा रोकथाम गर्न, मानसिक रोगीहरूको उपचारमा सजिलो पहुँच पुऱ्याउन, स्तरीय उपचार सेवा प्रदान गर्न, उपचारसँगै तिनीहरूको पुनर्स्थापना तथा परिवार, समाज र समुदायमा पुन: समाहित गर्न, तिनीहरूको हक, हित र अधिकारको प्रवर्द्धन एवं संरक्षण गर्न अनि सकेसम्म तिनीहरूलाई परिवार तथा समुदायमा नराखी उपचार गर्नका लागि छुट्टै मानसिक स्वास्थ्य ऐन ल्याउन आवश्यकता छ। मानसिक रोगी र यो रोगप्रति समाजमा शताब्दीयौंदेखि व्याप्त रहेको नकारात्मक धारणा, अन्धविश्वास, भेदभावपूर्ण असमान व्यवहार तथा मानसिक रोगप्रति व्याप्त सामाजिक कलंक हटाउनु पनि राज्यको दायित्वभित्र पर्दछ। यसका लागि छुट्टै मानसिक स्वास्थ्य ऐनको आवश्यकता पर्दछ।

### मानसिक स्वास्थ्य महाशाखा:

स्वास्थ्य मन्त्रालय अथवा स्वास्थ्य सेवा विभागमा छुट्टै मानसिक स्वास्थ्य महाशाखाको व्यवस्था हुनुपर्छ। सो मानसिक स्वास्थ्य महाशाखाले वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्नुको साथै मानसिक स्वास्थ्यसम्बन्धी सम्पूर्ण क्रियाकलापको सुपरीवेक्षण, अनुगमन तथा मूल्यांकन गर्ने आदि काम गर्नुपर्छ। *रासस*

*(नेपाल सरकारका पूर्वस्वास्थ्यसचिव श्रेष्ठ वरष्ठ मनोचिकित्सक हुन्)*

पाठक मञ्च

## मन्दीको मारमा देशको अर्थतन्त्र

अहिले देश पूरै मन्दीमा डुबेको छ। पछिल्लो समय राष्ट्रिय दैनिक पत्रपत्रिकादेखि साप्ताहिक पत्रिकासम्ममा बैंक तथा वित्तीय संस्थाको धितो लिलामसम्बन्धी सूचना देखिन्छन्। ऋणीले कर्जा नतिरेपछि उसको नाममा भएका घरजग्गा, गाडी, सेयर लिलाम गर्न बैंकले पत्रपत्रिकामा ३५ दिने सूचना निकाल्छ।

हरेकजसो पत्रिकामा अहिले त्यस्ता लिलाम सूचना छापिएको हुन्छ। त्यो पनि एउटा बैंक, वित्तीय संस्थाको मात्र नभई पाँचदेखि दर्जनसम्मको। तर, बैंकले यसरी लिलाम गर्ने धितो पनि किन्ने कोही छैनन्। बैंकले उठाउनु छ करोड, धितो बेच्दा आउँछ ५० लाख।

नेपाल राष्ट्र बैंक हप्तैपिच्छे बैंकबाट तरलता तान्छ। बैंकमा कर्जा माग्न जाने कोही छैन। अर्कोतर्फ, बैंकको ऋण नतिर्न नसकेर एक लाख २५ हजार कालोसूचीमा परिसकेका छन्। अब यो संख्या केही समयमै पाँच लाख पुग्ने बजारमा व्यापक चर्चा छ।

गाडी किन्ने कोही छैनन्। अटो शोरुमहरूले छिमेकी मुलुक भारत र चीनबाट हजारौं नयाँ गाडी (दुई तथा चार पांग्रे) किनेर ल्याएका छन्। तर, बिक्री नभएपछि थन्क्याएर राखिएको अवस्था छ। त्यसो त पाँच वर्षअघि करोडौं भनिएका गाडी अहिले लाखौंमा नबिकेको परिस्थिति छ। घरजग्गा कारोबार पनि ठप्प छ। मालपोत कार्यालय सुनसान देखिन्छन्। दलाल, भूमाफिया, लेखनदासहरू निराश छन्। घरजग्गा कारोबार शून्यबराबर भएपछि उनीहरूलाई घरखर्च धान्न मुस्किल परेको छ।

सेयरमा लगानी गर्नेहरू पनि डुबिरहेका छन्। सेयर बैंक, वित्तीय संस्था वा जलविद्युत् कम्पनीहरूले प्रतिकित्ता १०० रूपैयाँमा निष्काशन गरेका हुन्। तर, दलालहरूले मूल्य बढाएर ३५ सयसम्म पुऱ्याए। त्यति चर्कोमा सेयर किन्नेहरू अहिले चुर्लुम्मै भएका छन्।

व्यापारी तथा व्यवसायीहरू भन्छन्, 'मन्दी आयो, डुबियो।' निजी संघसंस्था, होटल, रेस्टुरेन्ट, पसल, घरेलु काम गर्नेहरूले छ महिनादेखि वर्षौं भइसक्यो तलब नपाएको। मासिक पाँच हजारदेखि बढीमा १२ हजार रूपैयाँ तलबमा काम गरिरहेका उनीहरू त्यो तलब पनि नपाएपछि मारमा परेका छन्। काम छोडौं भने तलब पनि माया मार्नुपऱ्यो, काम गरौं भने तलबविना कसरी गर्नु, उनीहरू दोहोरो मारमा परेका छन्। महालेखापरीक्षकको कार्यालय भन्छ- सरकारको आम्दानीभन्दा खर्च धेरै भयो। सहकारी डुबे। लघुवित्त, फाइनान्स पनि डुबे। बैंकमा समस्या आइसकेको छ। बैंक, वित्तीय संस्थासँगै जलविद्युत् कम्पनीहरू पनि धमाधम डुब्दै छन्। तर, दलालीहरू अझै भ्रम सिर्जना गरेर जनता फसाउन लागिपरेका छन्। यस्तो अवस्थामासमेत उनीहरू सेयरको मूल्य बढाइरहेका छन्। र, सोझासाझा जनता डुबाइरहेका छन्।

**- रामचन्द्र श्रेष्ठ**, बानेश्वर

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ। -*संपादक*

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# नयाँ मतदातामा निर्वाचनको उत्साह



**बैतडी–** आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि बैतडीमा पनि फोटोसहितको मतदाता नामावलीमा नाम दर्ता गर्नेको संख्या उत्साहजनक रहेको पाइएको छ।

गत असोज ९ गतेदेखि नामावली संकलन र अद्यावधिक कार्य सुरु भएकामा हालसम्म ६०० भन्दा बढीको नाम दर्ता भइसकेको जिल्ला निर्वाचन कार्यालयका कम्प्युटर अपरेटर रतन चन्दले जानकारी दिए। उनका अनुसार बुधबारसम्म ६१८ जनाको नामावलीमा नाम दर्ता भएको छ। जसमा २०१ महिला र ४१७ पुरुष रहेका छन्।

यस्तै बाहिरी जिल्लाका दुई महिला र सात पुरुषको पनि नाम दर्ता भएको जिल्ला निर्वाचन कार्यालयका निमित्त प्रमुख पुरुषोत्तम जोशीले बताए। यसअघि यहाँ एक लाख ६१ हजार ३१२ जनाको नामावलीमा नाम दर्ता भएको तथ्यांक छ। जसमा ८२ हजार १२६ पुरुष, ७९ हजार १८४ महिला र दुई तेस्रो लिंगी रहेका छन्।

निर्वाचन आयोगको वेबसाइटमा गएर अनलाइनमार्फत आफ्नो विवरण आफैं भर्न सक्ने व्यवस्था छ। अनलाइन विवरण भरिसकेपछि आवेदन फाराम प्रिन्ट ल्याएर निर्वाचन कार्यालयमा फोटो र फिंगर प्रिन्ट लिनुपर्छ। त्यसपछि नामावलीमा नाम दर्ता हुने गर्दछ।

नामावलीमा यसअघि नाम दर्ता गराउन छुटेका सम्पूर्णलाई नाम दर्ता गराउन जिल्ला निर्वाचन कार्यालयले आग्रह गरेको छ। १६ वर्ष उमेर पुगेर नेपाली नागरिकताको प्रमाणपत्र लिएका नागरिकले फोटोसहितको मतदाता नामावलीमा नाम दर्ता गर्न सक्ने छन्। फोटोसहितको मतदाता नामावलीमा नाम दर्ता १६ वर्षमा हुने भए पनि मताधिकारका लागि १८ वर्ष पूरा भएको हुनुपर्दछ। *रासस*

# विद्यालयमा सेनेटरी प्याड वितरण मेसिन जडान




**भोजपुर (प्रस)–** जिल्लाको रामप्रसाद राई गाउँपालिकाले छात्राहरूको स्वास्थ्य र सुविधालाई लक्षित गर्दै विद्यालयमा स्वचलित 'सेनेटरी प्याड' वितरण मेसिन जडान गर्न थालेको छ। महिनावारीको समयमा छात्रालाई सहजता र आत्मविश्वासका साथ विद्यालय आउन प्रोत्साहन गर्ने उद्देश्यले मेसिन जडान गरिएको हो।

गाउँपालिकाले हालसम्म १२ सामुदायिक विद्यालयमध्ये नौ विद्यालयमा मेसिन जडान गरिसकेको र बाँकी विद्यालयमा चाँडै जडान गरिने गाउँपालिकाका अध्यक्ष थामबहादुर राईले जानकारी दिए। 'अघिल्ला वर्षमा हामीले विद्यालयमा सेनेटरी प्याड पठाउने गर्थ्यौं,' अध्यक्ष राई भने, 'तर धेरै छात्राले लाजका कारण मागेर प्रयोग गर्न हिचकिचाउने गर्थे। अब यो मेसिनबाट उनीहरूले सहजै र गोप्यरूपमा आफैंले लिन सक्ने छन्।'

गाउँपालिकाले पहिलो चरणमा सात माध्यमिक विद्यालय र पाँच आधारभूत विद्यालयमा यस्तो मेसिन जडान गर्ने योजना बनाएको छ। मेसिनमार्फत कार्ड प्रणालीको प्रयोग गरी छात्राले आवश्यक सेनेटरी प्याड विद्यालयमा नै लिन सक्ने छन्।

शिक्षा शाखाका अनुसार महिनावारीका कारण छात्राको विद्यालयमा उपस्थिति दर घट्ने समस्या समाधान गर्न यो योजना प्रभावकारी हुने छ। मेसिन जडान भएपछि छात्रालाई आत्मसम्मानका साथ विद्यालय आउन सहयोग पुग्ने शाखाले जनाएको छ। विद्यालयमा नै प्याड वितरण भएसँगै छात्राको उपस्थितिको दर बढ्ने शाखाको विश्वास छ। गाउँपालिकाले आगामी चरणमा अन्य विद्यालयमा यस्ता मेसिन जडान गर्ने, साथै विद्यार्थीका लागि सचेतना कार्यक्रम सञ्चालन गर्ने योजना बनाएको छ।

# जडीबुटीखेती विस्तार गर्न निःशुल्क बिरुवा वितरण

**कैलाली (प्रस)–** वनस्पति अनुसन्धान केन्द्रले सुदूरपश्चिम प्रदेशमा जडीबुटीखेती विस्तारका लागि निःशुल्क रूपमा बिरुवा वितरण गरेको छ। केन्द्रले जडीबुटीका गुणस्तरीय बिरुवा उत्पादन गरी व्यावसायिक रूपमा जडीबुटीखेती गर्न चाहने सर्वसाधारण कृषक, संघ, संस्थालाई औषधीजन्य प्रजातिका बिरुवा निःशुल्क रूपमा वितरण गरेको हो।

केन्द्रले कुरिलो, सर्पगन्धा, शीतल चिनी, तेजपात, चिउरी, निम, बेल, मौवा, अश्वगन्धा, कामिनी, गुर्जो, इमिली, सतिसाल, अर्जुनलगायतका प्रजाति उत्पादन गरी वितरण गर्दै आएको केन्द्रका वरिष्ठ वैज्ञानिक अधिकृत गंगादत्त भट्टले बताए। केन्द्रले २०७८/७९ मा एक लाख, ०७९/८० मा एक लाख ३० हजार, ०८०/८१ मा ५२ हजार र ०८१/८२ मा ५३ हजार औषधीजन्य बिरुवा सुदूरपश्चिमभर वितरण गरेको उनले जानकारी दिए।

सुदूरपश्चिम प्रदेशका विभिन्न जिल्लाहरूमा प्राकृतिक वातावरणमा जडीबुटी पाउने स्थानको पहिचान गरी उक्त क्षेत्रमा समूह, सहकारी तथा इच्छुक व्यक्तिलाई जडीबुटीखेतीको दिगो व्यवस्थापनका लागि तालिम, दिगो संकलन, भण्डारण, ग्रेडिङ, प्याकेजिङ र प्राविधिक सल्लाह दिँदै आएको वनस्पति कार्यालयले जनाएको छ।

केन्द्रले जडीबुटीखेती विस्तारका लागि यहाँका समूह, सहकारीमा आबद्ध किसानलाई अनुदानसमेत दिँदै आएको छ। पछिल्लो केही वर्षदेखि सुदूरपश्चिम प्रदेशबाट रिठ्ठा, तेजपात, काउलो, पाषाणभेद, अमला, झ्याउ, सुनाखरी, चुत्रो, सतुवा, कुटकी, सगन्धवाल, चिराइतो, सतावरी, सेतक चिनी, टिम्मुर, यार्सागुम्बा, जटामसी, बोझो स्वदेशी तथा विदेशी बजारमा गएको पाइएको वनस्पति अनुसन्धान केन्द्रले जनाएको छ।

सुदूरपश्चिम प्रदेशमा पाइने ५०२ प्रजातिका औषधीय गुण भएका वनस्पति प्रजातिहरूको अभिलेख तयार भएको केन्द्रका वरिष्ठ वैज्ञानिक अधिकृत भट्टले जानकारी दिए।


## जनजिविका बचत तथा ऋण सहकारी संस्था लि.

**प्रधान कार्यालयः सुर्यविनायक न.पा.-६, भक्तपुर, फोनः ०१-६६१३२३१, ६६१३२३२**
**सदस्य सेवा केन्द्रः गोकर्णेश्वर-१, सुन्दरीजल, काठमाडौं, फोनः ०१-४८०१३१३**
**सदस्य सेवा केन्द्रः का.म.न.पा.-२४, मखन, काठमाडौं, फोनः ०१-४२६४०५२/४२६४०५३**
E-mail : janajibikac@gmail.com

**कर्जा चुक्ता गर्न आउन बारेमा ३५ (पैतिस) दिने अत्यन्त जरुरी सूचना !**

*प्रथम पटक प्रकाशित मिति २०८२/०७/२८ गते, शुक्रबार*

यस संस्थाबाट तपसिलका सेयर सदस्यहरूले तमसुक गरी लिनु भएको कर्जा रकमको सम्झौता वमोजिम तिर्नु बुझाउनु पर्ने साँवा, व्याज तथा हर्जना रकम चुक्ता नगर्नु भएको, पटक-पटक लिखित तथा मौखिक ताकेता गर्दा समेत ऋणी तथा जमानीकर्ताले सो को पूर्ण बेवास्ता गर्दै कर्जा चुक्ता गर्न कुनै चासो नदेखाउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक **३५ (पैतिस)** दिन भित्रमा तिर्नु, बुझाउनु पर्ने रकम तिर्न, बुझाउन वा रकम तिरी, बुझाइसकेको भए त्यसको प्रमाण पेश गर्न आउनु भनी यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| ऋणीको नाम, थर,वतन र तीनपुस्ते | जमानी बस्नेको नाम, थर वतन र तीनपुस्ते |
|---|---|
| **नाम** : मदन सुवाल<br>**बुबाको नाम**: शिवराम सुवाल<br>**बाजेको नाम** : लालय सुवाल<br>**स्थायी ठेगाना**: भक्तपुर न.पा.१० भक्तपुर<br>**ना.प्र.नं.** : १५०२५ | **जमानी नाम**: नविन श्रेष्ठ<br>**बाजेको नाम**: भोग सागर श्रेष्ठ<br>**बुबाको नाम**: दल बहादुर श्रेष्ठ<br>**स्थायी ठेगाना**: इखु गा.वि.स. वडा नं. ७ सिन्धुपाल्चोक<br>**ना.प्र.नं.** : २४-०-७०-०४८९३ |
| **नाम** : सानुमाया तामाङ<br>**बुबाको नाम**: माइला तामाङ<br>**बाजेको नाम** : साइला तामाङ<br>**स्थायी ठेगाना** : सर्स्युखर्क वडा नं. २ काभ्रे<br>**ना.प्र.नं.** : ३०-०१-७१-०७९०८ | **जमानी नाम**: कमल आचार्य<br>**बाजेको नाम**: वेदु उपाध्याय<br>**बुबाको नाम**: इन्द्र मणी आचार्य<br>**स्थायी ठेगाना**: मालारानी गा.पा.वडा नं.२, अर्घाखाँची<br>**ना.प्र.नं.**: ११००-४०१००७ |
| **नाम** : दिक्षा हुमागाई (दाहाल)<br>**ससुराको नाम**: विष्णु प्रसाद हुमागाई<br>**पतिको नाम**: लक्ष्मण हुमागाई<br>**स्थायी ठेगाना**: ललितपुर उ.प.म.न.पा. वडा नं. ३<br>**ना.प्र.नं.** : २८-०१-०६५-०१२३२ | **जमानी नाम**: सुरेन्द्र दाहाल<br>**बाजेको नाम**: भुमिदत्त दाहाल<br>**बुबाको नाम**: राम प्रसाद दाहाल<br>**स्थायी ठेगाना**: शंखरापुर न.पा.वडानं.१, काठमाडौं<br>**ना.प्र.नं.** : २७१००१-४०१०३-३३८०७ |
| **नाम** : माया योन्जन<br>**बाजेको नाम**: बिर सिं योन्जन<br>**बुबाको नाम**: जित बहादुर योन्जन<br>**स्थायी ठेगाना**: झागाझोली गा.वि.स. वडा नं. ८<br>**ना.प्र.नं.** : २०-०१-७३-००१९३ | **जमानी नाम**: रीना वाइवा (तामाङ)<br>**बाजेको नाम**:<br>**पतिको नाम**: धावा धोर्जे तामाङ<br>**स्थायी ठेगाना**: नयाँ गाउँ देउपुर गा.वि.स.९, काभ्रे<br>**ना.प्र.नं.** : ३०३०३९/३६० |
| **नाम** : सच्चिदा नन्द बनेपाली<br>**बाजेको नाम** : आनन्द बनेपाली<br>**बुबाको नाम**: गंगा नन्द बनेपाली<br>**स्थायी ठेगाना**: भक्तपुर न.पा. वडा नं. १३<br>**ना.प्र.नं.** : ९०४९ | **जमानी नाम**: सम्भुराम श्रेष्ठ<br>**बाजेको नाम**: सितारा श्रेष्ठ<br>**बुबाको नाम**: दिव्य राम श्रेष्ठ<br>**स्थायी ठेगाना**: भक्तपुर न.पा. ५<br>**ना.प्र.नं.**: २३६३९ |
| **नाम** : कृष्ण राम बखाद्यो<br>**बाजेको नाम** : कृष्ण बखाद्यो<br>**बुबाको नाम**: कृष्ण प्रसाद बखाद्यो<br>**स्थायी ठेगाना**: भक्तपुर न.पा. ३<br>**ना.प्र.नं.** : ७५२६ | **जमानी नाम**: अमिन सायँजु<br>**बाजेको नाम**: हरिकृष्ण सायँजु<br>**बुबाको नाम**: हरीभक्त सायँजु<br>**स्थायी ठेगाना**: भक्तपुर न.पा. वडा नं.७<br>**ना.प्र.नं.** : २९-०१-७९-०४६६३ |
| **नाम** : सानुभाइ लामा<br>**बाजेको नाम**: दल बहादुर लामा<br>**बुबाको नाम**: मुसे लामा<br>**स्थायी ठेगाना**: कपन गा.वि.स. -४,काठमाडौं<br>**ना.प्र.नं.**: ५१८८/२१९१७ | **जमानी नाम**: सुमन तामाङ<br>**बाजेको नाम**: बुदना तामाङ<br>**बुबाको नाम**: तिर्थ तामाङ<br>**स्थायी ठेगाना**: कपन गा.वि.स.-४,काठमाडौं<br>**ना.प्र.नं.** : ३५१११ |
| **नाम** : सन्जोक राई<br>**बाजेको नाम**: मुलुक सिंह राई<br>**बुबाको नाम**: कृष्ण कुमार राई<br>**स्थायी ठेगाना**: बसाहा गा.वि.स.-६ उदयपुर<br>**ना.प्र.नं.** : ३००६/८१ | **जमानी नाम**: ईश्वर किरात राई<br>**बाजेको नाम**: जस बहादुर राई<br>**बुबाको नाम**: फडेन्द्र राई<br>**स्थायी ठेगाना**: साङगपाङग गा.वि.स.-८ भोजपुर<br>**ना.प्र.नं.** : १८५१/२३७७ |
| **नाम** : अमिर राई<br>**बुबाको नाम**: धन कुमार राई<br>**बाजेको नाम** : गोकर्ण राई<br>**स्थायी ठेगाना**: बेलटार गा.वि.स-९, उदयपुर<br>**ना.प्र.नं.** : १४-०१-७२-०५२८९ | **जमानी नाम**: ईश्वर किरात राई<br>**बाजेको नाम**: जस बहादुर राई<br>**बुबाको नाम**: फडिन्द्र राई<br>**स्थायी ठेगाना**: साङ्गपाङ्ग गा.वि.स.-८ भोजपुर<br>**ना.प्र.नं.** : १८५१/२३७७ |
| **नाम** : विजय प्रधान<br>**बाजेको नाम** : जगत नारायण प्रधान<br>**बुबाको नाम**: जयनारायण प्रधान<br>**स्थायी ठेगाना** : भी.न.पा. -२, दोलखा<br>**ना.प्र.नं.**: ३५९७७ | **जमानी नाम**: पासाङ तामाङ<br>**बुबाको नाम**: दिल बहादुर तामाङ<br>**स्थायी ठेगाना**: कल्याणपुर गाविस वडा नं.९, नुवाकोट<br>**ना.प्र.नं.**: २५१००९/२९६ |
| **नाम** : विष्णु माया तामाङ<br>**बाजेको नाम** : रिद्धि बहादुर तामाङ<br>**बुबाको नाम**: शन्त बहादुर तामाङ<br>**स्थायी ठेगाना**: हिलेदेवी गा.वि.स.-२, रामेछाप<br>**ना.प्र.नं.** : २११०७८/१९८७७ | **जमानी नाम**: कोपिला दर्नाल<br>**बुबाको नाम**: चक्रबहादुर दमाई<br>**स्थायी ठेगाना**: बेँगाडावर-९, धनुषा<br>**ना.प्र.नं.**: १७१०९७/११०६ |
| **नाम** : रमेश बासुकला<br>**बाजेको नाम**: अष्टमान बासुकला<br>**बुबाको नाम**: पुण्पराम बासुकला<br>**स्थायी ठेगाना**: भक्तपुर न.पा. वडा नं. १०<br>**ना.प्र.नं.**: ११६०१ | **जमानी नाम**: रोशन दुवाल<br>**बाजेको नाम**: नारायण भक्त दुवाल<br>**बुबाको नाम**: दशराम दुवाल<br>**स्थायी ठेगाना**: भक्तपुर न.पा.-९<br>**ना.प्र.नं.** : २९-०१-०६८-०४१२८ |
| **नाम** : राजेन्द्र बासुकला<br>**बाजेको नाम**: बिकुलाल बासुकला<br>**बुबाको नाम**: कृष्णभक्त बासुकला<br>**स्थायी ठेगाना**: भक्तपुर न.पा.-५<br>**ना.प्र.नं.** : ४०२ | **जमानी नाम**: प्रभु ठाकुर हजाम<br>**बाजेको नाम**: ठकुरी ठाकुर<br>**बुबाको नाम**: हददेव ठाकुर हजाम<br>**स्थायी ठेगाना**: वसन्टपछि गा.वि.स.-७,रौटहट<br>**ना.प्र.नं.**: ३८६२ |
| **नाम** : डम्बर बहादुर तामाङ (गोले)<br>**बाजेको नाम** : सालाङ्ग सिं गोले<br>**बुबाको नाम**: कृष्ण बहादुर गोले<br>**स्थायी ठेगाना**: बालुवापाटी दउपुर वडा नं. ९, काभ्रे<br>**ना.प्र.नं.** : ३०१०५४/१६८३३६ | **जमानी नाम**: लक्ष्मी योन्जन<br>**बाजेको नाम**: बिर सिं योन्जन<br>**बुबाको नाम**: जित बहादुर योन्जन<br>**स्थायी ठेगाना**: झागाँझोली राटमाटा वडा नं.८, सिन्धुली<br>**ना.प्र.नं.**: २०३०२१/७४ |

| ऋणीको नाम, थर,वतन र तीनपुस्ते | जमानी बस्नेको नाम, थर वतन र तीनपुस्ते |
|---|---|
| **नाम** : विकास सुवाल<br>**बाजेको नाम** : धन कुमार सुवाल<br>**बुबाको नाम**: पुण्यराम सुवाल<br>**स्थायी ठेगाना**: भक्तपुर न.पा.-१४, भक्तपुर<br>**ना.प्र.नं.**: २९३००१/२०४ | **जमानी नाम**: दिनेश सुवाल<br>**बाजेको नाम** : धन कुमार सुवाल<br>**बुबाको नाम**: पुण्यराम सुवाल<br>**स्थायी ठेगाना**: भक्तपुर न.पा.-१४, भक्तपुर<br>**ना.प्र.नं.**: १६५९५ |
| **नाम** : राधेश्याम गनेजु<br>**बाजेको नाम**: हरीकृष्ण गनेजु<br>**बुबाको नाम**: हरेराम गनेजु<br>**स्थायी ठेगाना**: ताथली गा.वि.स.-९, भक्तपुर<br>**ना.प्र.नं.**: १६९१३ | **जमानी नाम**: राम शरण खड्का<br>**बाजेको नाम**: श्याम सुन्दर खड्का<br>**बुबाको नाम**: कुमार बहादुर खड्का<br>**स्थायी ठेगाना**: छालिङ गा.वि.स.-७, भक्तपुर<br>**ना.प्र.नं.**: ३-१७७४ |
| **नाम** : धन बहादुर तामाङ<br>**बाजेको नाम**: काजिमान तामाङ<br>**बुबाको नाम**: शुक बहादुर तामाङ<br>**स्थायी ठेगाना**: र्याले गा.वि.स. वडा नं. ५, काभ्रे<br>**ना.प्र.नं.** : १४२५७२ | **जमानी नाम**: मनोज श्रेष्ठ<br>**बाजेको नाम**: हर्क नारायण श्रेष्ठ<br>**बुबाको नाम**: इन्द्रलाल श्रेष्ठ<br>**स्थायी ठेगाना**: पनौति न.पा.वडा नं. ६, कोभ्रे<br>**ना.प्र.नं.**: १५५३२ |
| **नाम** : राधेश्याम फुयाल<br>**बाजेको नाम** : जगत बहादुर फुयाल<br>**बुबाको नाम**: बल बहादुर फुयाल<br>**स्थायी ठेगाना**: बागश्वरी गा.वि.स.-८, भक्तपुर<br>**ना.प्र.नं.**: ४०१० | **जमानी नाम**: एलिना श्रेष्ठ<br>**बाजेको नाम**: डम्बर बहादुर श्रेष्ठ<br>**बुबाको नाम**: सन्त बहादुर श्रेष्ठ<br>**स्थायी ठेगाना**: भिमेश्वर न.पा. -२ दोलखा<br>ना.प्र.नं.: २२१०१४/२२६० |
| **नाम** : सुनिल गोजा<br>**बाजेको नाम** :रत्न बहादुर गोजा<br>**बुबाको नाम**: रत्न भक्त गोजा<br>**स्थायी ठेगाना**: झौखेल गा.वि.स.-५, भक्तपुर<br>**ना.प्र.नं.**: २९-०१-०६६-०२१८६ | **जमानी नाम**: अर्जुन गोजा<br>**बाजेको नाम**: हिराकाजी गोजा<br>**बुबाको नाम**: सानोकाजी गोजा<br>**स्थायी ठेगाना**: झौखेल गा.वि.स.-५, भक्तपुर<br>**ना.प्र.नं.** : २९-०१-०६६-००८५३ |
| **नाम** : लक्ष्मी श्वरी चगुठी (**ना.प्र.नं.** ७५०)<br>**बाजेको नाम** : कैशे शिल्पकार<br>**बुबाको नाम**: मंगलाल शिल्पकार<br>**पतिको नाम** : दिपक चगुठी<br>**स्थायी ठेगाना**: भक्तपुर न.पा. -१४ | **जमानी नाम**: विजय श्वरी शिल्पकार<br>**बाजेको नाम** : कैशे शिल्पकार<br>**बुबाको नाम**: मंगलाल शिल्पकार<br>**स्थायी ठेगाना**: भक्तपुर न.पा. -१४<br>**ना.प्र.नं.**:६७२३ |
| **नाम** : राजेन्द्र फुयाल<br>**बाजेको नाम**: पदमलाल फुयाल<br>**बुबाको नाम**: इन्द्र बहादुर फुयाल<br>**स्थायी ठेगाना**:पोखरी चौरी गा.वि.स.-२, कोभ्रे<br>**ना.प्र.नं.**: ३०१०४७/१७७१३० | **जमानी नाम**: दिलकृष्ण शाही<br>**बाजेको नाम**: नन्दलाल शाही<br>**बुबाको नाम**: मुन्ना शाही<br>**स्थायी ठेगाना**: का.म.न.पा. वडा नं. १३<br>**ना.प्र.नं.**: २७१०६०/४३१८७ |
| **नाम** : नकुल तिमाल्सीना<br>**बाजेको नाम**: लोकनाथ तिमाल्सीना<br>**बुबाको नाम**: कोमल तिमाल्सीना<br>**स्थायी ठेगाना**: मांखा गा.वि.स. -९, सिन्धुपाल्चोक<br>**ना.प्र.नं.**: २४३००९/५५० | **जमानी नाम**: लक्ष्मी छुस्याकी<br>**बाजेको नाम**: नारायण छुस्याकी<br>**बुबाको नाम**: बुद्धी सागर छुस्याकी<br>**स्थायी ठेगाना**: भक्तपुर न.पा. -१२, भक्तपुर<br>**ना.प्र.नं.**: २९-०१-०६५-०३४-७५ |
| **नाम** : रविन नेपाली<br>**बाजेको नाम**: बल बहादुर नेपाली<br>**बुबाको नाम**: ज्ञान बहादुर नेपाली<br>**स्थायी ठेगाना**: फुल्पिङडाँडा गा.वि.स.-५, सिन्धुपाल्चोक<br>**ना.प्र.नं.**: २४१०१२/२२९ | **जमानी नाम**: कान्छा कार्की<br>**बाजेको नाम**: दल बहादुर कार्की<br>**बुबाको नाम**: कल बहादुर कार्की<br>**स्थायी ठेगाना**: छालिङ गा.वि.स.-८, भक्तपुर<br>ना.प्र.नं. : ३७५ |
| **नाम** : प्रेम सुन्दर श्रेष्ठ<br>**बाजेको नाम**: जगत बहादुर श्रेष्ठ<br>**बुबाको नाम**: सानुभाइ श्रेष्ठ<br>**स्थायी ठेगाना**: दधिकोट गा.वि.स.-३, भक्तपुर<br>**ना.प्र.नं.** : २१७२१ | **जमानी नाम**: श्याम बहादुर तामाङ<br>**बाजेको नाम**: फुत्रा सिंह तामाङ<br>**बुबाको नाम**: कामी सिंह तामाङ<br>**स्थायी ठेगाना**: नगरकोट गा.वि.स.-३, भक्तपुर<br>**ना.प्र.नं.**: ९९४०/१८८७ |
| **नाम** : गौतम राम भुजु<br>**बाजेको नाम**: दुर्गादास भुजु<br>**बुबाको नाम**: शिवराम भुजु<br>**स्थायी ठेगाना**: भ.न.पा.-१४, भक्तपुर<br>**ना.प्र.नं.**: १०४१४ | **जमानी नाम**: विवेक सैंजु<br>**बाजेको नाम**: मोहत सैंजु<br>**बुबाको नाम**: चन्द्र प्रसाद सैंजु<br>**स्थायी ठेगाना**: भ.न.पा. -८, भक्तपुर<br>**ना.प्र.नं.**: २९-०१-७६-००८७३ |
| **नाम** : सुभास तिवारी<br>**बाजेको नाम**: जयनारायण तिवारी<br>**बुबाको नाम**: सारदा प्रसाद तिवारी<br>**स्थायी ठेगाना**: दोरम्बा गा.वि.स. -६, रामेछाप<br>**ना.प्र.नं.**: २११०४५/१७६२६ | **जमानी नाम**: सुदिप तिवारी<br>**बाजेको नाम**: जयनारायण तिवारी<br>**बुबाको नाम**: सारदा प्रसाद तिवारी<br>**स्थायी ठेगाना**: दोरम्बा गा.वि.स. -६, रामेछाप<br>**ना.प्र.नं.**: २१-०१-७६-०३१३४ |
| **नाम** : चन्द्र बहादुर श्रेष्ठ<br>**बाजेको नाम**: रघु नारायण श्रेष्ठ<br>**बुबाको नाम**: सुर्ज बहादुर श्रेष्ठ<br>**स्थायी ठेगाना**: कदमबास गा.वि.स.-१, सिन्धुपाल्चोक<br>**ना.प्र.नं.**: ७५८९१ | - |
| **नाम** : सरीता प्रजापति मगर<br>**ससुराको नाम**: रन बहादुर थापा<br>**पतिको नाम**: अमृत बहादुर थापा<br>**स्थायी ठेगाना**: बट्टेश्वर गाा.पा.वडा नं.४, धनुषा<br>**ना.प्र.नं.**: १७-०१-७५-०६६१८ | **जमानी नाम**: लक्ष्मण महतो<br>**बाजेको नाम**: चुवा महतो<br>**बुबाको नाम**: राम प्रसाद महतो<br>**स्थायी ठेगाना**: प.कु. गा.वि.स.-१, सुनसरी<br>**ना.प्र.नं.**:२२६४/१९४ |



## भोक्राहा नरसिंह गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**चिरौली, सुनसरी**
**कोशी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयपत्रको सूचना**

**(सूचना प्रकाशन मिति २०८२/०७/२८)**

यस भोक्राहा नरसिंह गाउँपालिकाको आ.व. २०८२/०८३ को स्वीकृत बार्षिक योजना तथा कार्यक्रम अन्तर्गत मिति २०८२/०५/०१ गतेको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित बिधुतिय बोलपत्र आहवानको सूचना अनुसार तपसीलमा उल्लेखित निर्माण कार्यका लागि रित पूर्वक दर्ता हुन आएका बोलपत्रहरु मूल्यांकन समितिले मूल्यांकन गर्दा निम्न बोलपत्रदाताले पेश गरेको बोलपत्र न्यूनतम मूयांकित सारभूतरूपमा प्रभावग्राही रहेका बोलपत्रहरु मूल्यांकन समितिबाट स्वीकृतीको लागि छनौट भई पेश भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनको लागि ७ (सात) दिने बोलपत्र स्वीकृत गर्ने आशयपत्रको सूचना प्रकाशित गरिएको छ।

**तपशील:**

| क्र.सं. | ठे.नं. | निर्माण कार्यको विवरण | स्वीकृत हुने फर्मको नाम/ठेगाना | कबोल अंक (मू.अ.कर.र पि एस बाहेक) |
|---|---|---|---|---|
| १ | BNRM/CS/NCB/WORKS/ROAD-03/082/083 | भोक्राहा नरसिंह ग.पा.वडा न.-७ काली मन्दिर देखि हुलाकी राजमार्ग सम्मको सडक कालोपत्रे कल्भर्ट सहित | रघुकुल सन्स कम्पनि प्रा. लि., सप्तरी | रू. ७७,६५,०२७।७५ |

**प्रमुख प्रशासकीय अधिकृत**



## Pachrauta Municipality
## Office of the Municipal Executive

**Benauli, Bara**
**Madhesh Province, Nepal**

**Invitation for Bids**

**IFB No: -NCB/PMUN/W/16/2082-083**

**Date of Publication: 2082-07-28 BS**

1. Pachrauta municipality benauli bara invites **electronic bids only** from eligible bidders for following works under NCB bidding procedure. Only eligible bidders with the following key qualifications should participate in the bidding for the contracts mentioned below.

| क्ाल | एचयवभअत ल्कभ | द्यष्म म्यअ ँभभ ९ल्चका|० | भ्कतष्बतभम ञ्यगलत ९भ्हअगिकष्खभ या ध्बत बलम ऋयलतष्लनभलअष्भक० | द्यष्म क्भअगचष्तथ ञ्यगलत ९ल्चक० |
|---|---|---|---|---|
| ज्ञ | ध्बमब ल्याद्ग दजबचष् कबमबप मजबबिल तबतजब लबबि लष्कबल ल्ऋद्यरए:ग्ल्ध्ज्ञटरदृण्डद्ग(ण्डघ | घण्ण्ण|ण्ण | 5174121.10 | ज्ञघण्ण्ण्ण|ण्ण |

- Last date of Bid Submission : Dec 15, 2025, Time : 12:00
- Bid Opening Dec 15, 2025 Time : 13:00 at office premise.

2. Revenue Account Details:

| इााष्अभ ल्कभ | द्यबलप ल्कभ | द्यबलप ब्मम्चभकक | ब्अअयगलत लण्दभच | इााष्अभ अयमभर चभखभलगभ ज्भबमष्लन ल्या |
|---|---|---|---|---|
| एबअजचबगतब :गलष्अष्उबष्तिथ, द्यबचब | ल्द्य द्यबलप ।तिम। | एबअजचबगतब :गलष्अष्उबष्तिथ, द्यबचब | ज्ञद्धण्डघज्ञटद्धज्ञण्ण्ज्ञण ९च्बवबकधब० | इााष्अभ अयमभ डण्द्दज्ञद्धण्घघण चभखभलगभ ज्भबमष्लन लयस ज्ञद्धद्दढ |

3. Bidders are strongly Requested to mention the name of the Firm and the Contract ID in Revenue Voucher for Bid Document Fee. Single Revenue Voucher for a single Bid Document shall be submitted. In Case the bidder chooses to deposit Revenue for more than one bid through a single voucher then the bidders are strongly suggested to mention each Contract ID in Revenue Voucher for which the revenue has been paid. The Non compliance of this may result for declaring the Bid
4. Any additional information or query regarding the bids can be acquired by downloading the bids from the e-GP system of PPMO or by writing us in pachrautamun@gmail.com

**Chief Administrative Officer**

# प्रभाव दैनिक

शुक्रबार, २८ कात्तिक २०८२ (Friday, 14 November 2025)


## रूपशाला

### 'जारी २'को 'युमा हजुरी' सार्वजनिक

प्रदर्शनरत फिल्म 'जारी २ : सङ अफ च्याब्रुङ'को नयाँ गीत सार्वजनिक गरिएको छ । बिहीबार निर्माण कम्पनी बाँसुरी फिल्मस्ले सार्वजनिक गरेको गीत 'युमा हजुरी'मा मनोज थापा मगरको सङ्गीत कम्पोज तथा हर्क साउदको शब्द छ । गीतमा संगीतकार मनोज थापा मगर र सुनिता थेगिमको स्वर छ । फिल्मले बक्सअफिसमा कति व्यापार गऱ्यो अहिले सार्वजनिक भएको छैन । गत मंगलबारबाट यो फिल्मको निर्माण टिमले 'डिरेक्टर्स कट' प्रदर्शनमा ल्याएको छ ।



# 'मिरमिरे'को पोस्टर सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं–** यम शेर्पाको निर्देशनमा तयार भइरहेको चलचित्र 'मिरमिरे'को दुईवटा पोस्टर सार्वजनिक भएका छन् । जसका चलचित्रका मुख्य कलाकार फिचर्ड छन् ।

दयाहाङ राई र एक बाल कलाकार तथा प्रकाश सपूत र सिर्जना निङ्लेखु पोस्टरमा फिचर्ड छन् । पहिलो पोस्टरमा दयाहाङ राई र शाइसा गौचन छन् ।

मधुरो प्रकाश र पहाडको पृष्ठभूमिमा दयाहाङ र शाइसा छन् । उनीहरू बाउ र छोरीजस्तो रहेको देखिन्छ । दुवै केही तनावमा छन् । कसैको पर्खाई वा वियोगमा रहेजस्तो देखिएको छ । दयाहाङले छोरीप्रति आमाको जिम्मेवारी पनि निभाइरहेको संकेत पोस्टरमा देखिन्छ ।

दोस्रो पोस्टरमा प्रकाश र सिर्जना छन् । प्रकाश विद्यार्थी र सिर्जना शिक्षिकाको भेषमा छन् । मन्द मुस्कानमा सिर्जना र मजाको हाँसोसहित प्रकाश देखिएका छन् ।

यी दुईबीच शिक्षक र विद्यार्थीको मात्रै सम्बन्ध हो वा प्रेमिप्रेमिका नै हुन् निर्माणपक्षले प्रष्ट पारेको छैन । उमेर हेर्दा भने प्रकाश सिर्जनाकै विद्यार्थी हुन् जस्तो देखिँदैन ।

'मिरमिरे' माघ १ गते रिलिज हुँदै छ । यार्सा फिल्म्सको




प्रस्तुति रहेको चलचित्रको मुख्य भूमिकामा दयाहाङ राई, प्रकाश सपूत र सिर्जना निङलेखु छन् । अन्य कलाकारमा माओत्से गुरुङ, छुल्ठिम गुरुङ, भोलाराज सापकोटालगायत छन् । चलचित्रको बाल-कलाकारमा शाइसा गौचन, दिविशा पन्त, चिराग श्रेष्ठ र नमनराज गजुरेल छन् ।

दयाहाङ र प्रकाशको यो पहिलो सहकार्य हो । यमले भने दयाहाङसँग दोस्रोपटक सहकार्य गरेका हुन् । यसअघि उनको पहिलो निर्देशन रहेको 'कार्साङ'मा पनि दयाहाङ मुख्य भूमिकामा थिए । 'मिरमिरे'को निर्देशन सँगै स्टोरी पनि यम स्वयंले लेखेका छन् । चलचित्रका छायाकार आलोक शुक्ला हुन् । निमु शेर्पा, छोङ्बा लामा शेर्पा र आङ्छिरिङ शेर्पा निर्माता रहेको 'मिरमिरे'का सह-निर्मातामा गोविन्द बोहरा, सुदिप कुँवर छन् । यो चलचित्रको कार्यकारी निर्मातामा आरआर फिल्मसका सञ्चालक समेत रहेका चलचित्र वितरक रोहित कट्टेल रहेका छन् ।

वीरेन्द्र शाही लाइन प्रोड्युसर रहेको यस चलचित्रमा सुदिप कुँवर मुख्य सहायक निर्देशक, सञ्जु थलाङ लिम्बु मेकअप र दिलीप पन्त निर्माण नियन्त्रक रहेका छन् । चलचित्र 'मिरमिरे'को देशभर वितरणको जिम्मेवारी रोहित कट्टेल र रत्न श्रेष्ठको आरआर फिल्म्स्ले लिएको छ ।

# रुन्चे गायकको 'बुढाबुढी' गीत सार्वजनिक

**काठमाडौं (प्रस)–** २५ वर्षअघि कमेडी गीत 'नाइ मलाई त्यही केटी चाहिन्छ..' गाएर चर्चामा आउनुभएका प्रकाश पौडेलको 'बुढाबुढी' बोलको नयाँ गीत सार्वजनिक भएको छ ।

ओएसआर डिजिटल युट्यूब च्यानलमार्फत सो गीतको म्युजिक भिडियो सार्वजनिक गरिएको हो ।

पछिल्लो समय ज्योतिषीको समेत परिचय बनाएका पौडेलले लामो समयपछि गीत गाएका हुन् । उनको अन्य कमेडी गीतहरू कसैलाई नभन्नु ल, डाक्टर साब भिटामिन लेख्दिनु न, तितेपाती तितेपाती भ्याप भ्याप जस्ता स्रोतामाझ लोकप्रिय छन् । 'बुढाबुढी' गीतको निर्देशन सञ्चारकर्मी सुब्रत आचार्यले गरेका हुन् ।

## रंगशाला

# नेपाल पराजित

**काठमाडौं (प्रस)–** नेपाल वुमेन्स क्वाड्रिल्याटरल सिरिजको पहिलो खेलमै पराजित भएको छ । पहिलो खेलमा राजस्थानसँग नेपाल ५६ रनले पराजित भएको हो । राजस्तानले दिएको १४५ रनको लक्ष्य पछ्याएको नेपालले अन्तिम ४ बल बाँकी रहँदा सबै विकेट गुमाउँदै ८८ रन मात्रै बनाउन सक्यो ।

नेपालकी ओपनर सना प्रभिनले सर्वाधिक ३१ रन बनाइन् । ३६ बल खेलेका उनले ६ चौका प्रहार गरिन् । रुविना क्षेत्री १७ र बिन्दु रावल १२ रनमा आउट हुँदा अन्यले दोहोरो अंकमा रन बटुल्न सकेनन् ।

राजस्थानका सानु सेन, अदिति चौहान, अर्चना योगी र यानाले सम्मान १ विकेट लिए । त्यसअघि पहिला ब्याटिङ थालेको राजस्थानले निर्धारित २० ओभरमा ५ विकेट गुमाउँदै १४४ रन बनाएको थियो । राजस्थानकी डिम्पल शेखावतले सर्वाधिक ४६ रन बनाइन् । नेपालकी लक्ष्मी साउदले सर्वाधिक २ विकेट लिइन् । कविता कुँवर, मनीषा उपाध्याय र रुविनाको नाममा समान १ विकेट रह्यो ।

## एभरेष्ट महिला भलिबल

# काठमाडौं र लुम्बिनी विजयी

**काठमाडौं (प्रस)–** एभरेस्ट महिला भलिबल लिग (इडब्लुभिएल) मा बिहीबारको खेलमा लुम्बिनी लाभाज र काठमाडौं स्पाइकर्स विजयी भएका छन् । लुम्बिनीले मधेश युनाइटेडविरुद्ध ३-१ सेटको जित दर्ता गरेको छ । दोस्रो जितसँगै चार खेलमा पाँच अंक जोडेको लुम्बिनी चौथो स्थानमा उक्लिएको छ । पराजित मधेश पाँच खेलबाट तीन अंकका साथ पुछारमा छ ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) कभर्डहलमा लुम्बिनीले निकै रोमाञ्चक पहिलो सेट २८-२६ ले आफ्नो पक्षमा पारेको थियो । लुम्बिनीले दोस्रो सेट भने २३-२५ ले गुमायो ।

त्यसपछिका दुई सेटमा २५-१४, २५-१९ ले विजयी हुँदै लुम्बिनीले तीन अंक जोड्यो ।

बिहीबारै सम्पन्न पहिलो खेलमा काठमाडौं स्पाइकर्सले पोखरा निन्जाजविरुद्ध ३-१ सेटकै जित निकालेको थियो । काठमाडौं २५-१९, २५-१६, १२-२५, २५-१८ ले आफ्नो पक्षमा पारेको थियो । शुक्रबार पहिलो खेलमा लुम्बिनी र काठमाडौं खेल्नेछन् भने दोस्रो खेलमा कर्णाली एसभिच र ललितपुर क्विन्स भिड्नेछन् । कर्णाली यसअघि नै फाइनल प्रवेश गरिसकेको छ ।


## तपसिलका ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने सार्वजनिक सूचना

यस **पाल्पा बचत तथा ऋण सहकारी संस्था लि.**बाट तपसिलमा उल्लेखित ऋणीहरुले उपभोग गरेको कर्जा वापतको संस्थालाई तिर्नु/बुझाउनु पर्ने सावाँ, ब्याज र हर्जाना रकम भूक्तान गर्न पटक-पटक लिखित तथा मौखिक सूचना गरी तरताकेता गर्दा समेत कर्जा भूक्तान नगरेकोले यो सार्वजनिक सूचना जारी गरीएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५(पैतिस) दिनभित्र यस संस्थाको सम्पर्कमा आई आफ्नो कर्जाको सम्पूर्ण सावाँ, ब्याज र हर्जाना दै-दस्तुर समेत यथाशिघ्र चुक्ता गर्नुहोला । अन्यथा तोकिएको समयभित्र पनि उल्लेखित अनुसारको वक्यौता रकम तिर्न नआएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ र संस्थाको कर्जा लगानी तथा असुली सम्बन्धी नियमावली अनुसार कारवाहीका लागी कानुनी प्रकृया अगाडी बढाइने ब्यहोरा सबैलाई यसै सूचना मार्फत जानकारी गराईन्छ ।

**तपसिल :**

| क्र.सं. | सदस्यता नं. | ऋणीको नाम | नागरिकता प्र.प.नं. | बुवाको नाम थर | वाजेको नाम थर | ठेगाना |
|---|---|---|---|---|---|---|
| १ | ८१३ | खुम बहादुर पोखरेल | ३९-०१-७२-०००५६ | रुक बहादुर पोखरेल | माधव पोखरेल | साविक: सोमादी - ६, पाल्पा<br>हाल: रैनादेबी छहरा -२ पाल्पा |
| २ | १४ | खिमराज परियार | ३९३०६०/४७२ | जगवीर दमै | वल बहादुर दर्जी | साविक: सिद्धेश्वर - ९, पाल्पा<br>हाल: रैनादेबी छहरा -१ पाल्पा |
| ३ | ६३ | विष्णु परियार | ३९३०६०/४७५ | भेषे दमाई | दलविर दमाई | साविक: सिद्धेश्वर - ९, पाल्पा<br>हाल: रैनादेबी छहरा -१ पाल्पा |
| ४ | ८३५ | कृष्ण प्रसाद गैह्रे | १०८२७० | निर प्रसाद गैह्रे | दयाराम गैह्रे | साविक: ख्याहा - १, पाल्पा<br>हाल: रिब्दिकोट - १, पाल्पा |
| ५ | ६७२ | दिलिप कुमार | | लाल बाबु प्रसाद | नरायण प्रसाद | |
| ६ | ६६८ | शंकर प्रसाद न्यौपाने | ३३१७५ | उमानाथ शर्मा न्यौपाने | होमकान्त न्यौपाने | साविक: यम्घा - ४, पाल्पा<br>हाल: बगनासकाली - ६ पाल्पा |
| ७ | १०६ | नवनिधी पन्त | १२०/५०३ | धर्मलाल पन्त | जुजुलाल पन्त | साविक: दिगाम - ४, गुल्मी<br>हाल: छत्रकोट - ४, गुल्मी |

**पाल्पा बचत तथा ऋण सहकारी संस्था लि.**
बागबजार, काठमाडौं, नेपाल



## जुगल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

*सूचना प्रकाशित मिति :- २०८२/०७/२७*

यस जुगल गाउँपालिकाको कार्यालय, बराम्ची सिन्धुपाल्चोक बाट मिति २०८२/०६/०९ गतेको सौर्य राट्रिय दैनिक पत्रिका तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको विधुतीय खरिद प्रणाली **www.bolpatra.gov.np/egp** मा प्रकाशित बोलपत्र आव्हानको सूचना वमोजिम पेश भई मिती २०८२/०७/११ गते दिनको १:०० बजे प्रतिनिधिहरुको रोहवरमा खोलिएकोमा रितपुर्बक प्राप्त हुन आएका वोलपत्रहरु मध्ये न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भएको निम्न बमोजिमको बोलपत्रदाताको बोलपत्र स्वीकृत गरिने भएकाले सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ उपदफा (२) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल :

| सि.नं. | ठेक्का नं. | निर्माण कार्यको प्रकृति | छनौटका लागि सिफारिस भएका बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक रु. (भ्याट, PS Item सहित) |
|---|---|---|---|---|
| 1. | JRM/NCB/WORKS/03/082-83 | Construction Works of Ghungabesi Sunkhola Pahiro Niyantran | श्री Surya & Temba Construction, Jugal-3, Sindhupalchok | ६९१५८०८।४४ |
| 2. | JRM/NCB/WORKS/04/082-83 | Construction Works of Dhade Basti Samrakshyan | श्री New Bramayani Nirman Sewa,jugal -1, Sindhupalchok | ३२९३८४०।६८ |
| 3. | JRM/NCB/WORKS/05/082-83 | Construction works of gaupalika bhawan samraxyan gate tatha gherabar | श्री New Bramayani Nirman Sewa,jugal -1, Sindhupalchok | ४२७८१५४।२५ |
| 4. | JRM/NCB/WORKS/03/082-83 | Construction Works of Ghungabesi Sunkhola Pahiro Niyantran | श्री Surya & Temba Construction, Jugal-3, Sindhupalchok | १३०६४०३९।०० |

प्रमुख प्रशासकिय अधिकृत
जुगल गाउँपालिका



## हिम स्टार उर्जा कम्पनी लिमिटेड, काठमाण्डौं-७, गौरीघाट

Unaudited Statement of Financial Position
As On 31st Ashwin, 2082 (Corresponding to 17th October, 2025) First Quarter of F/Y 2082-083 Amount in NPR

| Particulars | Unaudited Current Quarter Ending | Unaudited Previous Quarter Ending | Unaudited Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|
| **Assets** | | | |
| **Non Current Assets** | | | |
| Property, Plant and Equipment | 67,617,775 | 67,123,349 | 66,798,579 |
| Intangible Assets | - | - | - |
| Intangible Assets under development | 1,117,945,431 | 1,081,899,008 | 929,203,130 |
| Financial Assets | - | - | - |
| Other Investment | - | - | - |
| Other non-current assets | - | - | - |
| **Total Non-Current Assets** | **1,185,563,206** | **1,149,022,358** | **996,001,709** |
| **Current Assets** | | | |
| Inventories | - | - | - |
| Financial Assets | - | - | - |
| Trade Receivables | - | - | - |
| Cash and cash equivalents | 18,543,804 | 32,045,235 | 5,291,168 |
| Bank balance other than cash and cash equivalents | 1,519,689 | 1,309,000 | 1,324,000 |
| Other financial assets | 3,290,000 | 3,290,000 | 3,290,000 |
| Other current assets | 72,310,884 | 49,063,335 | 81,007,837 |
| Current tax assets | - | - | - |
| **Total Current Assets** | **95,664,377** | **85,707,571** | **90,913,005** |
| **Total Assets** | **1,281,227,583** | **1,234,729,928** | **1,086,914,714** |
| **Equity and Liablities** | | | |
| **Equity** | | | |
| Equity Share Capital | 373,000,000 | 261,100,000 | 261,100,000 |
| Advance for share capital | - | 34,502,500 | - |
| Other equity | (6,043,741) | (2,765,131) | (2,155,887) |
| **Total Equity** | **366,956,259** | **292,837,369** | **258,944,113** |
| **Liablities** | | | |
| **Non Current Liablities** | | | |
| Financial Liablities | - | - | - |
| Borrowings | 776,727,225 | 613,187,405 | 578,187,405 |
| Other Financial Liablities | - | - | - |
| Provisions | - | - | - |
| Deferred Tax | - | - | - |
| Other non-current liablities | - | - | - |
| **Total Non Current Liablities** | **776,727,225** | **613,187,405** | **578,187,405** |
| **Current Liablities** | | | |
| Financial Liablities | - | - | - |
| Borrowings | 96,229,282 | 280,814,134 | 212,214,167 |
| Trade Payables | - | - | - |
| Other Financial liablities | 38,881,888 | 45,537,156 | 34,029,283 |
| Provisions | - | - | - |
| Other Current Liablities | 2,432,928 | 2,353,864 | 3,539,745 |
| **Total Current Liablities** | **137,544,098** | **328,705,154** | **249,783,195** |
